'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २१५ ★ ने. सं. ११४६ गुँला थ्व, त्रयोदशी ★ बुधबार ★ १० भदौ, २०८३ ★ August 26, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## पञ्चायती राज्यस्तरबाट रचिएको 'भक्तपुर काण्ड' को भर्त्सना




काठमाडौँ, ९ भदौ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा मङ्गलबार एक कार्यक्रमबिच पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पार्टीको वर्गीय आधार काम गरी खाने कामदारवर्ग भएको र दर्शनको आधार भनेको आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागि समाज र समुदायबाट नेतृत्व गर्नु हो भन्नुभयो ।

उहाँले भक्तपुर काण्डमा पञ्चायती राज्यस्तरबाट नेमकिपालाई समूल नष्ट गर्ने मनसायले रचिएको र पूरै शक्ति लगाएर जनतालाई अमानवीय यातना दिएको बताउनुभयो । उहाँले देश जटिल अवस्थामा पुग्नुको कारण एमाले, काङ्ग्रेस, माओवादी र राप्रपा जिम्मेवार रहेको बताउनुभयो । भदौ २३ र २४ गतेको घटनाको बेलामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा देश जोगाउनुभन्दा पनि आफ्नो ज्यान जोगाउन भाग्नुपरेको बताउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा केन्द्रीय सदस्य राजवीर डंगोल, नेमकिपा काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डंगोल, कोषाध्यक्ष श्यामकुमार महर्जन सदस्यहरू विन्द्रा महर्जन, वन्दना श्रेष्ठ र इन्द्रकुमारी बज्राचार्यले पनि आ -आफ्नो विचार राख्नुभएको थियो ।

## खुला राजनीतिमा सांसद र मन्त्रीहरूको व्यवहार र भाषा कहाँ लुकाएर लुकिन्छ ?

काठमाडौँ, ९ भदौ । राजनैतिक दलहरू आफ्ना देश तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका अन्याय, अत्याचार, असमानता, शोषण, थिचोमिचो र हस्तक्षेपको विरोधमा सङ्घर्ष गर्छन् । आफ्नो देश वा अन्तर्राष्ट्रिय क्षेत्रमै न्यायपूर्ण, समानता र शोषणरहित समाज स्थापना गर्न र एकले अर्को देशमाथि थिचोमिचो एवं आक्रमण नगर्ने एक अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गर्ने उद्देश्यले एक निश्चित वर्गको हितमा आदर्श समाज निर्माण गर्न चाहने व्यक्ति वा संस्थाहरू मिलेर राजनैतिक सङ्गठनहरू स्थापना गरेका हुन्छन् ।

त्यो उद्देश्य पूरा गर्नको निम्ति संस्थापकहरूले कानुनी वा गैरकानुनी सङ्घर्ष गर्ने उपायहरूको निर्णय गर्छन् र त्यसको नाम, झन्डा, चिह्न वा विभिन्न विभागमार्फत विभिन्न जिल्ला र क्षेत्रमा शाखाहरू खोल्छन्; सोअनुसारको सदस्यता, नियम, सभा, वर्गीय पेसागत सङ्गठनहरू र केन्द्रीय समिति, सम्मेलन र महाअधिवेशनका नियमहरूसमेत निश्चित गर्छन् । सम्मेलनको अर्थ केन्द्रीय सदस्य र जिल्लाहरूका एक एक जना सदस्य एवं वर्गीय सङ्गठनका एक एक जना केन्द्रीय प्रतिनिधिहरू सहभागी हुनेछन् । त्यस सम्मेलनले पार्टी विधानमा लेखिएका पार्टीको नाम, उद्देश्य, झन्डा, केन्द्रीय र मुख्य कार्यसमिति हेरफेरबाहेक आवश्यक नयाँ नियमहरू बनाउनेछ ।

४-५ वर्षको एक पटक हुने वा आवश्यक परेमा जरुरी महाधिवेशन पनि मुख्य कार्य समितिले बोलाउन सक्नेछ । महाधिवेशनका प्रतिनिधिहरू एक निश्चित सङ्ख्याको आधारमा जिल्ला वा प्रदेश समितिहरूले प्रतिनिधि पठाउने छन् र महाधिवेशनको बहुमतले नाम, झन्डा, उद्देश्य, चिह्न वा दलको विघटनसमेत गर्नसक्नेछ । यसरी विभिन्न दलहरूले आ-आफ्नो उद्देश्य र आवश्यकताअनुसार दलका विधान र नियमहरू बनाउनेछन् । सोअनुसार निर्वाचनलाई उपयोग गर्ने वा सरकारमा जाने र अन्य नियमहरू पनि पार्टीका सदस्यहरूले पालना गर्नेबारे दलहरूले प्रस्ट पार्न तालिमहरू गरेका हुन्छन् ।

नेपालको वर्तमान जेनजी (रास्वपा) को सरकारले एक राजनैतिक दलको धर्म वा कर्तव्य पालन नगर्दा दलभित्र र बाहिरबाट आलोचना र विरोध हुनु स्वाभाविक हो । ६ भदौ २०८३ को 'नयाँ पत्रिका' ले लेख्यो-'जेनजी आन्दोलनमा तहसनहस प्रमुख भवन पुन: निर्माणमा सरकारको उदासीनता ।' समाचारमा सर्वोच्च अदालत, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, गोदावरी, पुरानो संसद् भवन, सिंहदरबार, मन्त्री क्वाटर' को छापा छापिएको छ । साथै देशभरका सरकारी भवन, प्रदेश र स्थानीय निकायका कार्यालय र भवनसमेत ध्वस्त गरिएको थियो ।

जेनजी आन्दोलनलाई विदेशी अर्थात् संरा अमेरिकी गुप्तचर विभाग र भारतको 'रअ' को समेत हात भएको मानिएको थियो । तर, ध्वंसको कारण देखाएर यो सरकारले 'विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्कसँग ऋण लिनुहुन्न भन्ने जनमतलाई उल्लङ्घन गऱ्यो । पुस्तौँ पुस्तासम्म वर्तमान सरकारका मन्त्री र नेताहरूको ७ पुस्तासम्म नेपाली जनताले चोर औँला ठड्याएर भन्ने छन् - तिनीहरूले विदेशीहरूको माना खाएर देशलाई खरानी बनाएका हुन् ।


*बाँकी पृष्ठ ८ मा*


## वागमती प्रदेश सरकारको विश्वासको मत लिने कार्यक्रममा नेमकिपाले भाग लिएन

हेटौँडा, ९ भदौ । वागमती प्रदेशमा एमाले, नेकपा र राप्रपाका प्रदेशसभा सदस्यहरूले बनाएको असैद्धान्तिक सरकारले विश्वासको मत लिने कार्यक्रममा नपाल मजदुर किसान पार्टीले भाग लिएन ।

सो सम्बन्धमा भदौ ८ गते नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले वाग्मती प्रदेश सभाका सभामुखलाई पत्र लेखी बैठकमा सहभागिता नजनाउने जानकारी गराउनुभएको थियो ।

पत्रमा भनिएको छ - नेमकिपाले अराजनीतिक, असंसदीय तथा असैद्धान्तिक गतिविधिको सदा विरोध गर्दै आएको र त्यस्ता खेलबाट नेमकिपा निकै टाढा बस्दै आएको जगजाहेर छ । वाग्मती प्रदेश सभामा सरकार गठन गर्न शासक दलहरूबाट भइरहेका पछिल्ला गतिविधि पनि जनभावना तथा प्रजातान्त्रिक मूल्य मान्यताविपरीत, विसङ्गतिपूर्ण एवम् विडम्वनापूर्ण रहेको नेमकिपाको ठहर हो ।

पत्रमा सरकार गठन र विघटनका फोहरी खेलबाट सदा टाढा रहँदै आएको नेमकिपाले आजको विश्वासको मत लिने कार्यक्रममा उपस्थिति नजनाउने र शासक दलहरूको फोहरी खेलबारे उदाङ्ग्याउँदै विरोध गर्ने निर्णय गरेको जनाइएको छ ।

संसदीय दलका नेता गोसाईद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ - देश, प्रदेश र जनताको हितको पक्षमा नेमकिपाले प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै सङ्घर्षलाई जारी राख्नेछ ।

## जुम्लामा भक्तपुर काण्डको विरोधमा जुलुस र कोणसभा




जुम्ला, ९ भदौ । नेपाल मजदुर किसान पार्टी जुम्लाले भदौ ९ गतेको भक्तपुर काण्डको विरोधमा जुलुस र कोणसभा कार्यक्रम गऱ्यो ।

दिउँसो १ बजे पार्टी कार्यालय भारतीवाडादेखि टुँडिखेल-बजार-जिल्ला प्रशासन कार्यालय जुम्लामा पुगेर बजारको कृष्णमन्दिरमा कोणसभा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको नेपालमा प्रभाव रहेसम्म नेपाल र नेपाली जनताले सुख नपाउने विचार व्यक्त गर्दै विदेशी दलालका कारण नेपालको राजनैतिक व्यवस्था अस्तव्यस्त भइरहने बताउनुभयो । उहाँले पेट्रोलियम पदार्थ, ग्यास र अत्यावश्यक सामानको अभाव सरकार चलाउनेका निकट व्यापारीका कारण भएको उल्लेख गर्दै ग्यासको सट्टा विद्युतीय चुलो जनतालाई वितरण गरेर देशकै स्रोत प्रयोग गर्न सरकारले पहल गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर काण्डजस्तै नेपालका प्रतिक्रियावादीहरूले नेमकिपालाई जस्तै देशलाई पनि कमजोर बनाई देश जलाउनेको हातमा देश चलाउने काम गरेको बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेशका सदस्य शिवलाल डांगीले संविधान बनाउँदा जघन्य अपराधीलाई मृत्युदण्डको सजायको व्यवस्था गर्नुपर्छ भनेर संशोधन गर्नुपर्ने प्रस्ताव गरेकोमा शासक दलका नेका, एमाले, माओवादीलगायतले समावेश नगरेका कारण जघन्य अपराध बढेको बताउनुभयो ।

उहाँले ग्यास अभावलाई तत्काल सरकारले व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्दै ग्यास वितरणमा पक्षपात भएको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् नेमकिपा जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले सिद्धान्तविपरीत शासक दलहरूले काम गर्न नसकी स्वार्थी भएर काम गरेका कारण देश र जनताले दु:ख पाएको कुरा उल्लेख गर्नुभयो । देशमा समाजवादी गणतन्त्रको स्थापना नभएसम्म देश र जनताले पीडा भोग्नुपर्ने भनाइ उहाँको थियो ।

नेमकिपा जुम्लाका उपाध्यक्ष विर्षबहादुर रावतले एमसीसी पास गरेका कारण नेपालमा अमेरिकी चलखेल बढेको र देशको प्राकृतिक स्रोतमाथि अमेरिकाले गिद्देदृष्टि गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका पूर्वकेन्द्रीय सदस्य दीर्घबहादुर शाहीले भक्तपुर काण्ड नेपाल मजदुर


*बाँकी पृष्ठ २ मा*



भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

**युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०८३/०५/१० गते**

आ.व. २०८३/०८४ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवं आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिसपत्र,
३. निवेदक र अभिभावकको नागरिकता प्रतिलिपि,
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमतिपत्र,
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव,
६. भ.न.पा. मा व्यवसाय दर्ता गरेको प्रमाणपत्र,



**बिक्रीका लागि तयार गरिएको क्वाटी**

जनैपूर्णिमा नजिकिँदै गर्दा ललितपुरको मङ्गलबजारमा बिक्रीका लागि क्वाटी तयार गर्दै व्यापारी । जनैपूर्णिमाको दिन विशेष गरी नौ किसिमका गेडागुडी मिसाएर बनाइएको क्वाटी खाने चलन छ । *तस्बिरः घनश्याम श्रेष्ठ/रासस*

# ‘भक्तपुर काण्ड’ बारे युवाहरूबिच छलफल

भक्तपुर, ९ भदौ । नेपाल क्रान्तिकारी युवा सङ्घ, चाँगुनारायण नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र ‘भक्तपुर काण्ड’ को विषयमा युवाहरूबिच छलफल तथा प्रशिक्षण कार्यक्रम सोमबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाले पञ्चायती निर्वाचन उपयोग गरी कामदारवर्गका जनतालाई राजनीतिक, सैद्धान्तिक, वैचारिक र व्यवहारिक रूपमा सचेत, सङ्गठित र सङ्घर्षशील भावना जगाउने कार्य गर्दै आइरहेको बताउनुभयो ।

२०२१ सालको भूमिसुधार कार्यक्रम उपयोग गरी जोताहा किसानहरूलाई मोहियानी हक दिलाउन र गुठी जग्गा कमाउने किसानहरूलाई रैतानीमा परिणत गर्ने अधिकार दिलाउनेजस्ता काम गरी कामदारवर्गका जनताको हितमा निःस्वार्थ रूपमा सेवा गर्दै आइरहेको उल्लेख गर्नुभयो । उहाँले निरङ्कुश पञ्चायती व्यवस्थाका मतियार, सामन्त र जालीफटाहाहरूले नेमकिपाका नेता तथा कार्यकर्तालाई फसाउने कार्य गरेको बताउनुभयो ।

उहाँले समाजवादी गणतन्त्रमा स्वास्थ्य र शिक्षा निःशुल्क हुने, योग्यताअनुसार काम, कामअनुसार ज्यालाको बन्दोबस्त हुने, काममामको सुनिश्चितता हुने, व्यक्तित्व विकासमा समान अवसर पाउने, आर्थिक समानता हुने, ज्येष्ठ नागरिक र बालबालिकाहरूको सम्मान, संरक्षण र भलाइ हुने हुँदा समाजवादी गणतन्त्र अपरिहार्य भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष एलएन लिगलको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा सुजन दुवाल, बासुदेव घोरसाइने र सुशान्त सुवालले पनि ‘भक्तपुर काण्ड’ र समसामयिक विषयमा आ-आफ्नो अनुभव बताउनुभएको थियो ।

# काभ्रेमा ‘भक्तपुर काण्ड’ को विरोध तथा भर्त्सना कार्यक्रम

काभ्रे, ९ भदौ । नेपाल मजदुर किसान पार्टीविरुद्ध निरङ्कुश पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र ‘भक्तपुर काण्ड’ (२०४५ भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम नेपाल मजदुर किसान पार्टी बनेपा नगर समितिको आयोजनामा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य कृष्णकुमार वैद्यले विचार र सिद्धान्तबाट पराजित प्रतिक्रियावादी शासकहरूले षड्यन्त्रको तानाबाना बुन्ने गर्छन् भन्नुभयो । “नेमकिपा स्थापनाकालदेखि देश र जनताको निःस्वार्थ सेवामा लागेको कारण प्रतिक्रियावादी शासकहरूलाई असह्य भएर षड्यन्त्रपूर्वक समूल नष्ट गर्न खोजेको हो” उहाँले भन्नुभयो ।

भदौ ९ को घटना भक्तपुरमा भएको भए पनि पञ्चायती शासकहरूले देशभर नेमकिपाका कार्यकर्ताको घर घरमा गएर खानतलासी र धरपकड गरेर आतङ्क मच्चाएको, सबै नेपाली पञ्च सबै पञ्च नेपाली भन्ने गरिए तापनि व्यवहारमा नेपाली जनतालाई राजनीतिक र मौलिक हक अधिकारबाट बञ्चित बनाएको उहाँले स्मरण गर्नुभयो ।

नेमकिपा काभ्रे जिल्ला समितिका सल्लाहकार डा. हरिप्रसाद मानन्धरले वर्तमान दुईतिहाइको सरकारले एमसीसी र एसपीपीको विरोध नगरेको हुँदा साम्राज्यवादी संरा अमेरिकी शासकको कठपुतली भएको स्पष्ट छ भन्नुभयो ।

नेमकिपा बनेपा नगर समितिका अध्यक्ष लक्ष्मीराम न्हुच्छे प्रधानले प्रतिक्रियावादीहरूको षड्यन्त्रबारे नयाँ पुस्तालाई सचेत गराउन कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ओमप्रसाद मानन्धर, ज्ञानेन्द्र डंगोल, सत्यनारायण श्रेष्ठ, राममन्दिल श्रेष्ठ, राजु तामाङलगायतले निरङ्कुश पञ्चायती राज्यस्तरबाट २०४५ भदौ ९ गते षड्यन्त्रपूर्वक रचिएको ‘भक्तपुर काण्ड’ को स्मरण गर्दै आ-आफ्नो अनुभव व्यक्त गर्नुभयो ।

**जुम्लामा...**

किसान पार्टीलाई नष्ट गर्न रचिएकोले यस्ता काण्ड फेरि पनि हुनसक्ने भएकोले कार्यकर्ताहरूले सजग भएर काम गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले शिक्षामा निजीकरण हुन शासक दलहरू नै जिम्मेवार भएका र निजीकरणले देशको शिक्षा क्षेत्र कमजोर भएको बताउनुभयो ।

नेक्रामसङ्घका जिल्ला सदस्य पूर्णमति खत्रीले भक्तपुर काण्डमा भक्तपुरका महिला दिदीबहिनीहरूले उल्लेखनीय भूमिका खेल्नुभएको स्मरण गर्दै देशभरिका महिलाहरूले देश बचाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय सदस्य धनबहादुर रावतले नेपालको कर्मचारीतन्त्रबारे बोल्नुभएको थियो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका जिल्ला सदस्य जयकृष्ण उपाध्यायले युवाहरू एकजुट भएर समाजवादी गणतन्त्र स्थापना गर्न लागि पर्नपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घका पूर्वसदस्य जङ्गबहादुर शाहीले शिक्षक योग्य भए भावी पुस्ता र शिक्षा क्षेत्र सबल हुने भएकोले शिक्षकले देशलाई अगाडि बढाउन राम्रो शिक्षा प्रवाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा रामबहादुर नेपालीले देश विकास गर्न लागूऔषध र दुर्व्यसनीलाई नियन्त्रण गर्ने अभियान चलाउनुपर्ने उल्लेख गर्नुभयो ।

# सरकार र मातहतका निकायमाथि उब्जिएका प्रश्न

- बाराकी ३ वर्षीया गरिमा चौधरी हराएकोबारे २०८३ साउन ३१ गते बुबा आमाले स्थानीय प्रहरी कार्यालयमा लिखित निवेदन दिए । बालिका सधैँ खेल्न जाने एउटा घर बन्द गरिएको थियो । त्यो घर खोल्न दिइएन । प्रहरी तदारुक भएर बन्द घर खोल्नेमा नलागेको बुबाआमाको गुनासो छ । भदौ २ गते ५:४५ बजे बन्द घरबाट दुर्गन्ध फैलिएपछि खोलेर हेर्दा विभत्स हत्याको अवस्थामा बालिका गरिमाको शव भेटियो । समयमा खोजी गरिएको भए बालिका चौधरी जीउँदै भेटिन्थिन् कि ?
- कञ्चनपुर भिमदत्त - २ की १३ वर्षीया बालिका निर्मला पन्त २०७५ साउन १० गते हराएपछि आमा बुबा प्रहरी गुहार्न पुग्दा ‘पोइल गइहोली, भोलि घर आउँछे’ भनी प्रहरीको जवाफ आएको सार्वजनिक भएको थियो । बालिका पन्तको बलात्कारपछि हत्या भएको ८ वर्ष पुग्यो, दोषी पत्ता लगाइएन । त्यसयता दर्जन गृहमन्त्रीले बालिका पन्तको बलात्कारपछि हत्या गर्ने दोषीलाई कारबाही गराउने दाबी गरे तर फासफुसमा बित्यो ।
- २०७८ असार ११ गते चितवनकी सुजिता भण्डारी हराएको विषयमा पनि ‘कोही केटासँग गएको हुन सक्ने र अपहरण गरिएको आधार नभएको’ प्रहरीको जवाफ आएको सार्वजनिक भएको थियो । हराएको ९ दिनपछि भण्डारीको शव घरनजिकै ब्रह्म स्थानीय सामुदायिक वनको आपडौरी खोल्सामा भेटिएको थियो ।

यस्ता घटनाका सूची गृहमन्त्रालयमै छ तर सरकार संवेदनहीन किन ? बाराका घटनाबारे प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले स्पष्टीकरण दिए, “नजिकैको घरमा पशुजन्य गतिविधि होला, चिनजान र बुझेकै मानिसबाट त्यस्तो होला भन्ने कल्पना गर्न नसक्ने, नजिककै घरमा हेर्नु पर्थ्यो, खोज्नु पर्थ्यो, त्यसमा ध्यान नपुगेको हो ।”

नेपाल प्रहरीको ११२ वर्षको इतिहासपछि पनि व्यवहार र अनुसन्धानमा यति कमजोरी हुनु के प्रहरी सङ्गठनका केही अधिकारीहरू असक्षम भएर हो ? के नागरिकलाई ‘१०० मा फोन गर्नु’ भनिएको देखावटी मात्र हो ?

# सद्भाव समितिको छैटौँ साधारणसभा




भक्तपुर, ९ भदौ । चोछेँ-व्यासी सद्भाव समितिको छैटौँ वार्षिक साधारणसभा भदौ ६ गते शनिबार महाकाली स्थानमा सम्पन्न भयो ।

सो साधारणसभामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले मानव समाज मिलेर बस्दै आएको उल्लेख गर्दै लोभ र डरमा मानिसले आफ्नो अडान छोड्न नहुने बताउनुभयो ।

भदौ २३ र २४ गते देशभरि तोडफोड आगजनी हुनुमा विगतका सरकारहरूको पनि कमजोरी भएको उल्लेख गर्दै उहाँले विद्यार्थीलाई विद्यालय/कलेजको पोशाकमा बोलाएर देशभरि आगजनी गर्दैमा समाज अघि नबढ्ने स्पष्ट पार्नुभयो ।

साधारणसभामा भनपा वडा नं ६ का वडाध्यक्ष हरिराम सुवाल, समितिका सल्लाहकार शिवराम राजचल, रामचन्द्र दथेपुथेले पनि मन्तव्य राख्नुभयो ।

समितिका अध्यक्ष केशव बासुक्लाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राजाराम सुवालले उद्घोषण गर्नुभयो ।

समितिका केही सदस्यहरूले अक्षय कोषका लागि आर्थिक सहयोग गरेका थिए ।

# भरतपुरमा ‘भक्तपुर काण्ड’को भर्त्सना कार्यक्रम

भरतपुर, ९ भदौ । नेपाल मजदुर किसान पार्टी नगर समिति, भरतपुरले भक्तपुर काण्ड (कालो दिन) को विरोध एवम् भर्त्सना कार्यक्रम ‘श्रमिक’ साप्ताहिक पत्रिकाको अध्ययन गोष्ठी गरेर नारायणगढमा सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा नेमकिपा चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवनका संयोजक हरिप्रसाद दुवालले नेमकिपा स्थापनाकालदेखि नै मजदुर र किसानको पक्षमा कानुनी र गैरकानुनी सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

लेनिनवादी नीतिअनुसार पञ्चायतभित्र पसेर पञ्चायतको विरोधको गर्दै देश र जनताको पक्षमा काम गरेको कारण पार्टीलाई नै समूल नष्ट गर्ने उद्देश्यले भक्तपुर काण्डमा पञ्चायतले फसाएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भविष्यमा फरक ढङ्गले फेरि पनि भक्तपुर काण्ड हुन सक्ने भएकोले सबै साथीले सतर्क भएर साङ्गठनिक गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

वर्तमान सरकार र संसद् गत भदौ २३ र २४ मा देश जलाउनेहरूकै नेतृत्व भएकोले व्यापक कामदारवर्गको पक्षमा नभएको बताउनुभयो ।

सो कार्यक्रममा रविनकुमार प्रधान, अस्मिता गुरुङ, ज्ञानेन्द्र प्रजा, मोहनबहादुर प्रजालगायतले भक्तपुर काण्डको विरोध र भर्त्सना गर्नुभएको थियो ।

# अमरज्योति ज्ञानकुञ्ज विद्यालयमा विद्यार्थी प्रतिभा प्रदर्शनी

भक्तपुर, ९ भदौ । अमरज्योति ज्ञानकुञ्ज विद्यालय, गरुडकुण्ड भक्तपुरमा प्रथम त्रैमासिक मूल्याङ्कनअन्तर्गत विद्यार्थीहरूको प्रतिभा, सिर्जनशीलता तथा व्यावहारिक सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्यले विशेष प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालयमा आयोजित उक्त प्रदर्शनीमा नर्सरीदेखि कक्षा ६ सम्मका विद्यार्थीले उत्साहपूर्वक सहभागिता जनाएका थिए । कार्यक्रममा १२० भन्दा बढी विद्यार्थीले आफ्ना प्रतिभा तथा सिर्जनात्मक सामग्री, नाटक तथा अन्य मनोरञ्जनात्मक गतिविधि प्रस्तुत गरेका थिए ।

प्राथमिक तहका विद्यार्थीहरूले गणित, विज्ञान, सामाजिक अध्ययन, साहित्यलगायत विभिन्न विषयसँग सम्बन्धित आकर्षक स्टलहरू तयार गरी आफ्ना सिकाइ तथा ज्ञानलाई व्यवहारमा प्रस्तुत गरेका थिए । विद्यार्थीहरूले आफैँले तयार गरेका सामग्री तथा नमुनामार्फत विषयवस्तुलाई सरल र रोचक ढङ्गले प्रस्तुत गरेका थिए ।

प्रदर्शनीले विद्यार्थीहरूमा आत्मविश्वास, नेतृत्वक्षमता, सहकार्य, सिर्जनशीलता तथा सार्वजनिक रूपमा आफ्ना विचार प्रस्तुत गर्ने सीपको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको विद्यालयले जनाएको छ ।

पाठ्यपुस्तकमा सीमित सिकाइभन्दा व्यवहारिक तथा सिर्जनात्मक सिकाइलाई प्राथमिकता दिँदै आयोजना गरिएको उक्त कार्यक्रमले विद्यार्थी, शिक्षक तथा अभिभावकमा समेत उत्साह थपेको छ । विद्यार्थीहरूले आफूले सिकेका विषयवस्तुलाई आफ्नै सिर्जनशीलतामार्फत प्रस्तुत गर्ने अवसर पाएकाले प्रदर्शनी प्रभावकारी र उपलब्धिमूलक बनेको विद्यालयको भनाइ छ ।

विद्यालयले यस्ता कार्यक्रमले विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग पुग्नुका साथै उनीहरूभित्र लुकेका प्रतिभा पहिचान र प्रस्फुटन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ ।

***- रितु बाटी, प्रशिक्षार्थी***

## सङ्क्षिप्त समाचार

## देशभर विभिन्न सात सडकखण्ड अवरुद्ध

काठमाडौँ, ९ भदौ । वर्षासँगै आएको बाढी, पहिरो, सडकमा लेदो तथा नदी कटानका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन् ।

नेपाल प्रहरीका अनुसार आज बिहान १०:०० बजेसम्म काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, नुवाकोट, इलाम, सिन्धुपाल्चोक, रसुवा र रुकुम पश्चिमका सडकखण्ड प्रभावित भएका छन् ।

काभ्रेपलाञ्चोक हुँदै खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी-सिन्धुली चल्ने बीपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै राति ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सम्पूर्ण सवारीसाधनको आवागमन रोकिएको छ । बिहान ४:०० बजेदेखि बेलुका ६:०० बजेसम्म भने सवारीसाधन सञ्चालन हुने जनाइएको छ ।

त्यसैगरी, वर्षाका कारण मकवानपुरको कान्ति लोकपथमा राति ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सबै किसिमका सवारीसाधनको आवागमनमा रोक लगाइएको छ । नुवाकोटको टोखा-छहरे सडकखण्डमा पनि राति १०:०० बजेदेखि बिहान ५:०० बजेसम्म अत्यावश्यक सेवाबाहेकका सार्वजनिक तथा निजी सवारीसाधनको आवागमन बन्द गरिएको छ ।

वर्षाका कारण इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ । सडकमा हिलो भएका कारण सवारीसाधन सञ्चालन हुन नसकेको र उक्त स्थानमा वैकल्पिक बाटो रहेको जनाइएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ लिपिङ बजारस्थित अरनिको राजमार्गमा भदौ ५ गते खहरे खोलाबाट आएको लेदो तथा ढुङ्गासहितको पहिरोका कारण सडक पूर्णरूपमा अवरुद्ध भएको छ ।

त्यस्तै, रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेस्थित त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडकखण्ड त्रिशूली नदीले सडकमुनिबाट कटान गरेपछि पूर्णरूपमा अवरुद्ध भएको छ । रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगार्ड खोलास्थित भेरी करिडोरको जाजरकोट-डोल्पा सडकखण्डमा सडक माथिबाट ढुङ्गा, माटोसहितको लेदो आएपछि सडक पूर्णरूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार वर्षाका कारण सडक अवरुद्ध हुने तथा जोखिम बढ्ने क्रम रहेकाले सम्बन्धित सडकखण्डमा यात्रा गर्दा सावधानी अपनाउन आवश्यक छ । *(रासस)*

## मधेस प्रदेश : गत आवमा ८२१ उद्योग बन्द

जनकपुरधाम, ९ भदौ । आर्थिकमन्दीलगायतका कारणले मधेस प्रदेशमा गत आर्थिक वर्ष २०८२/८३ मा उद्योग र वाणिज्यतर्फका एक हजार ९३८उद्योग व्यापार बन्द भएका छन् । मधेस प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका अनुसार गत आव २०८२/८३ मा उद्योगतर्फ ८२१ र वाणिज्यतर्फका एक हजार ११७ गरी एक हजार ९३८उद्योग व्यवसायको लगत कट्टा भएका छन् ।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ । सो अवधिमा पर्सामा एक हजार १०१, धनुषामा ७७७, बारामा ६३९, सर्लाहीमा ६३६, सिरहामा ५५४, रौतहटमा ५३३, महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्ता भएको मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले बताउनुभयो । गत आव २०८२/८३ मा सात हजार ५४० वटा उद्योगको नवीकरण भएको छ ।

सूचना अधिकारी महतोका अनुसार गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १२२ वटा र साझेदारी फर्म १८ नयाँ दर्ता हुँदा ११ हजार १४४ नवीकरण भएको छ ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायतका शीर्षकबाट रु. पाँच करोड २६ लाख ४९ हजार ५६२ राजस्व सङ्कलन भएको सूचना अधिकारी महतोले बताउनुभयो । विश्वव्यापी रूपमा देखिएको आर्थिक तरलता, बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव तथा स्थानीय तहमा पनि उद्योग दर्ता गराउने क्रम बढ्नुलगायतका कारणले उद्योगहरूको लगत कट्टा हुने सङ्ख्या बढेको सूचना अधिकारी महतोको भनाइ छ । *(रासस)*

## जुम्लाका तीन स्थानीय तहमा फलफूल बगैँचा कार्यक्रम

जुम्ला, ९ भदौ । जुम्लाका आठ स्थानीय तहमध्ये तीन स्थानीय तहमा फलफूल बगैँचा कार्यक्रम सञ्चालन हुने भएको छ । कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यान्वयन एकाइ सुर्खेतले चालु आर्थिक वर्षमा जुम्लासहित कर्णालीका नौ जिल्लामा उक्त कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

जुम्लाको हिमाली, सिञ्जा र कनकासुन्दरी गाउँपालिकामा फलफूल बगैँचा स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रमअन्तर्गत रुकुम पश्चिमको बाँफीकोट, मुसीकोट र सानीभेरी नगरपालिका, सल्यानको सिद्धकुमाख र शारदा नगरपालिका, जाजरकोटको छेडागाड र जुनीचाँदे, दैलेखका नारायण, आठबीस र चामुण्डाबिन्द्रासैनी नगरपालिकामा पनि फलफूल बगैँचा स्थापना गरिने आयोजनाका प्रादेशिक आयोजना व्यवस्थापक चित्रबहादुर रोकायाले जानकारी दिनुभयो ।

त्यसैगरी कालीकोटको नरहरिनाथ र शुभकालिका, मुगुको सोरु र खत्याड, हुम्लाको ताँजाकोट र अदानचुली तथा डोल्पाको मुड्केचुला गाउँपालिकामा पनि उक्त कार्यक्रम सञ्चालन हुने उहाँले बताउनुभयो ।

रुकुमपश्चिम, सल्यान, जाजरकोट र दैलेखमा सुन्तला जातका फलफूल, ओखर तथा चुच्चे ओखरलाई प्राथमिकता दिइनेछ । त्यस्तै कालीकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पामा स्याउ, ओखर, कागजी बदाम र किवीलगायत फलफूल खेतीलाई प्राथमिकता दिइने आयोजना व्यवस्थापक रोकायाले बताउनुभयो ।

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यविधि, २०८३ अनुसार बगैँचा स्थापनाका लागि किसान, कृषि समूह, सहकारी र कृषि उद्यमीलाई ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।



**निर्माणाधीन पुल**
बाँकेको डुडुवा गाउँपालिका र राप्तीसोनारी गाउँपालिका जोड्ने सिधनियाघाटस्थित राप्ती नदीमा निर्माणाधीन हुँदै गरेको पुल । *तस्बिर: भेषराज बस्नेत/रासस*

## पशुमा रेबिज सङ्क्रमण पुष्टि भएपछि खोप अभियान

चितवन, ९ भदौ । पूर्वी चितवनको रत्ननगरमा पालिएका पशु चौपायामा रेबिजको सङ्क्रमण देखिएको छ । नगर क्षेत्रका पशुमा रेबिजको लक्षण देखिएको हो । रत्ननगर -९ र १० को नमुनामा रोगको सङ्क्रमण पुष्टि भएको छ ।

पशु सेवा कार्यालयका प्रमुख डा. प्रभात न्यौपानेका अनुसार जर्सी गाईमा रोग सङ्क्रमण पुष्टि भएको हो । उहाँका अनुसार यो रोग लागेका गाई भैँसीले र्‍याल काड्ने, टाउको भित्तामा ठोक्ने, मान्छे या अन्य जनावारलाई टोक्न खोज्ने, पानी खान नखोज्ने, घाँस खान नखोज्ने, दूध घटाउने र मर्ने हुन्छ । कुकुर बिरालामा रेबिजविरुद्धको भ्याक्सिन लगाइए पनि अन्य पशु चौपायामा खासै यसको सुई लगाइँदैन ।

रोगको सङ्क्रमण देखिएसँगै सङ्क्रमित क्षेत्रमा पालिएका पशु चौपायामा रोबिजविरुद्धको खोप लगाउन सुरु गरिएको छ । यो रोग लाइसा नामक भाइरसका कारण लाग्ने गर्दछ । जिल्लाका अन्य पालिकाहरूमा समेत यस रोगको सङ्क्रमण देखिन सक्ने जनाउँदै उहाँले पशुपालक किसानलाई उच्च सावधानी अपनाउन आग्रह गर्नुभयो ।

रत्ननगर नगरपालिकाकी पशु चिकित्सक अनुस्का राजभण्डारीका अनुसार पालिकाका विभिन्न वडामा पालिएका पशुमा यो रोगको सङ्क्रमण देखिएको छ । यहाँका पशुहरूको नमूना सङ्कलन गरी परीक्षणका लागि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला काठमाडौँ पठाइएको छ । रोगको सङ्क्रमण देखिए पछि सङ्क्रमित क्षेत्रमा उच्च सतर्कता अपनाइएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यस आर्थिक वर्षमा सो पालिकामा चार वटा नमूना सङ्कलन गरिएको छ । दुई वटा नमूनाको परिक्षणका लागि पठाउने तयारी गरिएको छ । दुई वटामा सङ्क्रमणको पुष्टि भइसकेको छ । पशु मरेपछि नमूना परीक्षणका लागि पठाउने गरिन्छ ।

सङ्क्रमणको लक्ष्याण देखिएका नौदेखि १० दिनको बिचमा पशु मर्ने गरेको उहाँले जानकारी दिनुभयो । यस पालिकाको वडा नम्बर ९, १० र १६ मा रेबिजको सङ्क्रमण देखिएको हो । यस क्षेत्रमा न्याउरी मुसा र स्यालको टोकाइले रेबिज सरेको उहाँको अनुमान छ । रेबिजको सङ्क्रमण देखिएका क्षेत्रमा रहेका पशु तथा मानिसहरूमा रेबिजविरुद्धको सुई दिन थालिएको उहाँले जानकारी दिनुभयो ।

कुकुर र जङ्गली जनावरको टोकाइबाट सर्ने यस रोग जङ्गलको आसपासमा रहेका कृषकहरूलाई सतर्कता अपनाउन र लक्षण देखिए तत्काल खबर गर्न अनुरोध गरिएको उहाँले बताउनुभयो । जनावरले टोकेको वा चिथोरेको ठाउँमा तुरुन्तै १५ मिनेटसम्म साबुन र बगिरहेको सफा पानीले राम्ररी धुने, चिकित्सकको सल्लाहअनुसार तुरुन्तै र तोकिएको तालिकाअनुसार रेबिजविरुद्धको खोप लगाउने, घरपालुवा कुकुर र बिरालालाई नियमित रूपमा प्रत्येक वर्ष रेबिजविरुद्धको खोप लगाउने, शङ्कास्पद वा अनौठो व्यवहार देखाएका पशुहरूलाई अन्य जनावर र मानिसबाट टाढा सुरक्षित ठाउँमा थुनेर राख्ने गर्नुपर्ने उहाँले सुझाव दिनुभयो । *(रासस)*

## भक्तपुरमा 'ताहासाँ' बनाउन बाँसको व्यापार सुरु

ख्वप (भक्तपुर), ९ भदौ । भक्तपुरमा ताहासा निर्माण गर्न बाँसको व्यापार सुरु भएको छ । गाईजात्रा पर्वलाई लक्षित गरी यहाँ केही दिनका लागि बाँसको व्यापार सुरु गरिएको हो ।

गाईजात्रामा ताहासाँ बनाउन बाँसको प्रयोग गरिन्छ । गाईजात्रामा यस वर्ष परिवारका सदस्य निधन भएको परिवारका लागि ताहासाँ नभई हुँदैन । त्यसैले केही दिनदेखि भक्तपुरको पाँचतले मन्दिर परिसरमा बाँस बिक्री गर्ने व्यापारीको चहलपहल सुरु भएको छ ।

व्यापारीले भक्तपुरको पाँचतले मन्दिर परिसरबाट प्रतिवटा बाँसको रु. पाँचसयमा धमाधम बिक्री गरिरहेका छन । यही भदौ १३ गते भक्तपुरमा गाईजात्रा पर्व मनाइँदै छ । सो पर्वलाई लक्षित गरी तयार पारिएको ताहासाँ बनाउने चार बाँसको मूल्य रु. दुई हजारदेखि पच्चिस सयसम्ममा बिक्री हुने गरेको छ ।

सूर्यविनायक नगरपालिका-८ आशापुरीबाट यहाँ बाँस बिक्रीका लागि ल्याउने गरिन्छ । बर्सेनि बाँस बिक्रीका लागि यहाँ आउने जयराम तामाङले हरेक वर्ष गाईजात्राको एक साता अघिदेखि भक्तपुरको पाँचतल्ले मन्दिर अगाडि ताहासाको लागि बाँस बेच्दै आएको बताउनुभयो ।

यहाँ बिहान १०:०० बजेसम्म मात्र बाँसको व्यापार गर्न पाइन्छ । नगरपालिकाले दिउँसो व्यापार गर्ननदिने भएकाले बिहान मात्रै बाँस बेच्न पाइने भएको हो ।

गाईजात्रामा बाँसबाट ताहासाँ बनाइन्छ । ताहासाँ बनाउन बाँस नभई हुँदैन । १५ देखि २० फिट लामा चार वटा बाँसबाट ताहासाँ बनाइन्छ । तयारी ताहासाँको शिरमा गाईको चित्र राखि गाईजात्रा निकालिन्छ ।

मृत्यु भएका व्यक्तिका परिवारले ताहासा उपोग गरी घर/घरबाट गाईजात्रा निकाल्छन् । जसका लागि हरियो बाँसको आवश्यक पर्छ । त्यस हिसाबले सयौँ परिवारका लागि बाँस आवश्यक हुन्छ ।

पर्व नजिकिएसँगै ताहासाँ निर्माण, सजावट तथा जात्राका अन्य तयारीले भक्तपुरका टोलहरूमा चहलपहल बढेको छ । प्रत्येक वर्षको भाद्र शुक्ल प्रतिपदा दिन मनाइने गाईजात्रा यो वर्ष शनिबार परेको छ । यो जनैपूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ ।

काठमाडौँ, ललितपुरलगायत नेपाली भाषीको बसोबास रहेको ठाउँमा गाईजात्रा पर्व धूमधामका साथ मनाउने गरिन्छ ।

महिला र पुरुषको ताहासाँ छुट्याउन महिलालाई हाकुपटासी (कालो फरिया) र पुरुषलाई सेतो कपडा बाधिन्छ । त्यसमा परालको सिङ र सिङमाथि पलेस्वाँ लप्ते ( कमलको फूलको पात), चोवो (कपालजस्तो देखिने) मयुरको पङ्खा र रङ्गीचङ्गी फूलले सजाइन्छ । टाउको दुई छेउमा सिङसँगै पतचा (रङ्गिन माथि गोलाकार तर झण्डा जस्तो देखिने) सजाइन्छ । ञ्वो:गाचा अष्टमातृकाको प्रतीक खास्टो, दुई वटा लामो पटुका राखी छाता ओढाइन्छ । *(रासस)*

## विपन्न बालबालिकाहरूको सहारा बन्यो गाउँपालिका

गोरखा, ९ भदौ । आर्थिक अवस्था कमजोर भएकै कारण कोही पनि विद्यालय शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले जिल्लाको सहिदलखन गाउँपालिकाले आवाससहित शिक्षा दिने व्यवस्था गरेको छ ।

आफ्नो पालिका भित्रका विपन्न बालबालिकालाई लक्षित गरेर गाउँपालिकाले वडा नं ६ घैरुङ बाँसकोटस्थित हिमालय माविमा आवाससहित पढ्न पाउने व्यवस्था गरेको हो ।

पालिकावासीलाई शिक्षाको अधिकार सुनिश्चित गर्न हिमालय माविमा आवासीय शिक्षाको व्यवस्था गरेको पालिकाका अध्यक्ष रमेश थापा मगरले बताउनुभयो ।

"पालिकाभित्रका अनाथ, असहाय र आर्थिक रूपमा विपन्न बालबालिकाहरूलाई सुरक्षित आवाससहित गुणस्तरीय शिक्षा दिने उद्देश्यले छात्रावास सञ्चालनमा ल्याएका हौँ," अध्यक्ष थापाले भन्नुभयो ।

हाल गाउँपालिकाको हिमालय माविस्थित छात्रावासमा १३ जना बालबालिकाहरू आश्रित छन् । उनीहरूको कक्षा १० सम्मको शिक्षा र पालनपोषण सबैको जिम्मेवारी गाउँपालिकाले बेहोर्ने अध्यक्ष थापाको भनाइ छ ।

पालिकाभित्रका विपन्न बालबालिकाहरूका लागि आइतबारबाट सुरक्षित आवासीय शिक्षा सञ्चालनमा ल्याएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राजेन्द्र खनालले बताउनुभयो ।

उहाँका अनुसार विपन्न बालबालिकाका लक्षित आवासीय शिक्षा कार्यक्रममा लागि पालिकाले आर्थिक वर्ष २०८२/०८३ मा रु. १० लाख विनियोजन गरेको थियो । सोही रकमले हिमालय माविको रित्तो भवनमा छात्र र छात्राहरूका लागि छात्रावास, शौचालय र मेसको व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो ।

"छात्रावास व्यवस्थापनको काम गत असारमै सकिएको थियो तर बर्खे बिदा र विद्यार्थीहरूको प्रथम त्रैमासिक परीक्षाका कारण सञ्चालनमा ल्याउन ढिला भयो", उहाँले भन्नुभयो ।

गाउँपालिकाले २० जना बालबालिका क्षमताको छात्रावास सञ्चालनमा ल्याएको छ । त्यसलाई आवश्यकताअनुसार बढाउँदै लैजाने शिक्षा अधिकृत राजेन्द्र खनालले बताउनुभएको छ ।

पारिवारिक अवस्थाका कारण अध्ययन गर्न नसकेका र संरक्षकको आवश्यकता भएका बालबालिकाहरूलाई पालिकाले आवेदन माग गरी छनोट गरेको थियो । छनोट भएका बालबालिकाहरू अधिकांशको आमा, बुबा नभएका वा भएकाहरूले दोस्रो विवाह गरेका र पारिवारिक अपहेलनामा परेका रहेको पालिकाले जनाएको छ ।

**। सम्पादकीय ।**

# काठमाडौँ उपत्यकाको फोहरमैला व्यवस्थापन कसरी हुन्छ ?

काठमाडौँ उपत्यकामा बसाइँसराइ बढाइएसँगै यहाँको फोहरमैला व्यवस्थापनामा पनि समस्या बढ्यो । भक्तपुर नगरपालिकाले आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन आफै गर्ने प्रयास गरिरहेको छ । यसको लागि घर घरबाटै कुहिने र नकुहिने फोहरमैला अलग अलग सङ्कलन गर्नु महत्त्वपूर्ण हुन्छ । अर्थात्, फोहरमैला व्यवस्थापनमा नागरिकहरूलाई पनि जिम्मेवार बनाउनु जरुरी हुन्छ ।

काठमाडौँ उपत्यकाका अधिकांश स्थानीय तहले नुवाकोट जिल्लाको ककनी गाउँपालिका २, धादिङ जिल्लाको धुनिबेँसी नगरपालिका १ को सीमा क्षेत्र बञ्चरे डाँडामा फोहरमैला व्यवस्थापन गर्दै छन् । फोहरमैलाको वैज्ञानिक बन्दोबस्त नहुँदा स्थानीय जनता फोहरको दुर्गन्ध लिच्चड, धुलो आदिको प्रदूषण र अन्य स्वास्थ्य जोखिमको शिकार भएका छन् । सङ्घीय र स्थानीय सरकारहरूले स्थानीय जनतासँग ठुला साना गरी ४० भन्दा बढी सम्झौताहरू गरे । ती सम्झौताअनुसार काम नहुँदा काठमाडौँ उपत्यकाको फोहरमैला व्यवस्थापन जटिल बनिरहेको छ ।

संविधानमा स्वच्छ वातावरण र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको बन्दोबस्त छ । अहिलेसम्मका सरकारले यो संवैधानिक व्यवस्थाअनुसार जनतालाई बाँच्न दिने प्रत्याभूति गरेनन् । नेपाली जनताले संविधानमा उपलब्ध मौलिक हक बहालीको माग गर्नु स्वाभाविक हो । चुनावमा संविधानको पालना गर्ने वाचा गरी सरकारमा पुगेका दलहरूले जनताको बाँच्ने अधिकारमा बाधा पुऱ्याउनु गलत हो । संविधानमा उल्लेख भएका हक जनतालाई उपभोग गराउन नसक्ने सरकारले कुर्सी छाड्नुको विकल्प छैन ।

काठमाडौँ उपत्यका दुई महानगरपालिका काठमाडौँ र ललितपुरको १७ प्रतिशत फोहरमात्र सङ्कलन भइरहेको सार्वजनिक भयो । बञ्चरे डाँडामा ३० प्रतिशत फोहर थान्को लगाउने र ७० प्रतिशत फोहर प्राङ्गारिक मल पुन: प्रयोग गरी सामान छुट्याउन बिक्री गर्ने सरकारी योजना आदिले हावा खाएको अवस्था छ । यतिखेर काठमाडौँ उपत्यकाका अधिकांश स्थानीय तहले फोहरमैला उठाउने जिम्मा निजी क्षेत्रलाई दिएको र निजी क्षेत्रले फोहरमैला सहरबाट उठाएर बञ्चरे डाँडामा फाल्ने काम भइरहेको छ । बीस वर्षको लागि फोहर फाल्न पुग्ने भनिएको बञ्चरे डाँडा क्षेत्र यतिखेर ५ वर्षमै भरिभराउ भएको सार्वजनिक भयो ।

दुर्गन्धबाट पीडित जनताले मानव बस्तीरहित फोहरमैला फाल्ने क्षेत्र घोषणा हुनुपर्ने, फोहरमैलासम्बन्धी उद्योग खोल्नुपर्ने माग राखेको वर्षौँ भयो । कतिपय देशमा फोहरमैलाबाट खाना पकाउने वा बत्ती बाल्ने उपाय तथा प्राङ्गारिक मल उत्पादन भइरहेको नेपालमा सरकारहरूले यसप्रकार दक्ष जनशक्ति उत्पादन गर्नेतर्फ ध्यानै दिएनन् । कृषि, वातावरणलगायत क्षेत्रका वैज्ञानिकहरूलाई समेत नेपालमा रोजगारीको व्यवस्था नगरी सरकारहरूले वैदेशिक रोजगारीमा पठाइरहेका छन् ।

फोहरमैला, सडक जाम, प्रदूषण, अपराध न्यून पार्न सरकारले काठमाडौँ उपत्यकामा भइरहेको बसाइँसराइ तत्काल रोक्नु आवश्यक छ । साथसाथै काठमाडौँ उपत्यका बाहिरका स्थानीय तहका सदरमुकामहरूलाई व्यवस्थित सहरको रूपमा विकास गर्नु जरुरी छ । प्रधानमन्त्री, सांसद र उच्चपदस्थ अधिकारीहरूसमेत आ-आफ्नो थातथलो छोडेर काठमाडौँ उपत्यकामा बसाइ सरेको हुँदा यहाँ फोहरमैला व्यवस्थापन विकराल बनेको हो । पूर्वमा जन्मेर हुर्केर देशको प्रधानमन्त्री बनेका एक जनाले संसद्मा परिचय दिँदा स्थानीय बासिन्दा काठमाडौँ उपत्यकाको भनेका थिए । यसकारण, काठमाडौँ उपत्यकाको फोहरमैलाको समस्याको पहिलो जिम्मेवार ती प्रधानमन्त्री र मन्त्रीहरूलाई बनाउनु आवश्यक छ ।

काठमाडौँ उपत्यकाको जमिन गऱ्हौँ भारी थेगन नसक्ने किसिमको भएको भूगर्भशास्त्रीको मत रहेको छ । यहाँ बनिरहेको भारी संरचना सडक, पुल, भवन एकदिन चुर्लुम्म डुब्ने उनीहरूको मत हो । यसतर्फ पनि काठमाडौँ उपत्यकामा बसाइँसराइ रोक्नु जरुरी छ ।

# मूल्यवृद्धिको कारण के हो ?

● सुवर्ण श्रेष्ठ

नेपालको संविधान २०७२ को प्रस्तावनामा 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने' स्पष्ट रूपमा उल्लेख गरिएको छ । धारा ४ (१) मा "समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भन्ने व्यहोरा स्पष्टसँग उल्लेख गरिएको छ । धारा ५० (३) मा "शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ" भन्ने कुरा उल्लेख छ । यसरी संविधानको प्रस्तावना नेपाल राज्यको परिभाषा र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समाजवादउन्मुख भन्ने कुरा उल्लेख हुनुले नेपाल क्रमश: समाजवादी व्यवस्थातिर अगाडि बढ्ने र बढाउनुपर्ने कुरालाई इङ्गित गरेको छ ।

समाजवादी व्यवस्था र अन्य कुनै पनि व्यवस्थाको एउटा महत्त्वपूर्ण आधार अर्थव्यवस्था वा अर्थतन्त्र हो । समाजवादी अर्थतन्त्रले समाजवादलाई मलजल गरेको हुन्छ । समाजवादी अर्थ व्यवस्थाबिना समाजवाद टिक्दैन । समाजवादी अर्थतन्त्र भएको देशमा वस्तुको मूल्य निर्धारण सरकार वा केन्द्रीय योजना आयोगद्वारा प्रत्यक्षरूपमा गरिन्छ । पुँजीवादी अर्थतन्त्रमा जस्तो माग र आपूर्तिले मात्र मूल्य तय गरिँदैन ।

समाजवादी अर्थ व्यवस्थामा सरकारले नै वस्तुको उत्पादन लागत, सामाजिक आवश्यकता र नागरिकको क्रयशक्ति हेरेर वस्तुको मूल्य तोक्छ । नागरिकका दैनिक जीवनसँग सम्बन्धित वस्तुहरू उत्पादन लागतभन्दा कम मूल्यमा बजारमा बिक्री गर्न सकिने व्यवस्था मिलाइएको हुन्छ । यसको लागि सरकारले उत्पादकहरूलाई नै अनुदान सहयोग दिएको हुन्छ । जनताका अत्यावश्यक वस्तुहरूमा खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, लत्ता-कपडा, औषधि, शिक्षा, यातायात, खानेपानी, इन्धन, विद्युत्, दूध, माछा-मासु आदि पर्दछन् । यस्ता वस्तुको उत्पादन र आपूर्ति गर्दा सरकारले अनुदान दिने भएकोले वस्तुको बजार मूल्य उत्पादन लागत वा खरिद मूल्यभन्दा कम हुनसक्छ । सरकारले यस्ता वस्तुको बिक्रीबाट नाफा कमाउने उद्देश्य राखेको हुँदैन । सबै नागरिकहरूले किन्न र उपभोग गर्न सकिने गरी व्यवस्थित गरेको हुन्छ ।

औद्योगिक तथा कृषिजन्य वस्तु उत्पादन गर्न पञ्चवर्षीय योजना वा केन्द्रीय योजनाअनुसार पहिले नै तय गरिएको हुन्छ । देशमा कुन-कुन वस्तुहरू कति-कति उत्पादन गर्ने, उत्पादन कसले गर्ने, उत्पादित वस्तु कसले पाउने र कुन मूल्यमा बेच्ने भन्ने कुरा पहिले नै योजनामा तय गरिने हुँदा उत्पादकहरू कहिले पनि घाटामा जाँदैनन् । सरकारले उत्पादनको ठुलो हिस्सामा अनुदान दिएर बजारमा वस्तुको मूल्य स्थिर राख्छ ।

उत्पादनका साधनहरूमा राज्यकै स्वामित्व हुन्छ । ठुला उद्योगहरू राज्यले नै सञ्चालन गर्दछ । वस्तुको उत्पादनमा निजी नाफा जोडिँदैन । सञ्चालन खर्च र भविष्यको विकासको लागि न्यूनतम कोषमात्र मूल्यमा समावेश गरिन्छ । चीन, क्युवा, उत्तर कोरियाजस्ता समाजवादी देशहरूले यस प्रणालीको प्रयोग गर्छन् । पछिल्लो समयमा चीनले समाजवादी बजार अर्थतन्त्र अपनाएको छ । अत्यावश्यक वस्तुमा सरकारले नियन्त्रण राख्दछ भने अन्य व्यापारिक वस्तुहरूमा माग र आपूर्तिलाई स्थान दिइन्छ ।

नेपाल कृषिप्रधान देश भएकोले नेपालको बजारलाई कृषि बजार, वित्तीय बजार र सेयर बजारमा छुट्याउन सकिन्छ । जनताका दैनिक अत्यावश्यकीय वस्तुहरू कृषि बजारबाटै आपूर्ति गरिएको हुन्छ । भारतसँगको खुला सिमानाको कारण नेपालको बजारमा भारतको बजारले वस्तुको मूल्यमा ठुलो प्रभाव पार्दछ । भारतीय बजारमा भन्दा नेपाली बजारमा वस्तुको मूल्य बढी हुनासाथै धेरै वस्तु आयात हुन्छ । भारत नेपालभन्दा २० औँ गुणा ठुलो उत्पादक देश हो । त्यसैले, भारतबाट दाल, चामल, तरकारी, फलफूल, खानेतेल, लत्ताकपडालगायत दैनिक उपभोग्य सामानहरू ठुलो परिमाणमा आयात हुन्छ ।

नियमितरूपमा २/४ वर्ष भारतीय वस्तुको बिक्री नेपालमा भएपछि नेपाली उत्पादकहरू भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने हुन्छन् । औद्योगिक र कृषि उत्पादन कम गर्दै लगिन्छ । केही वर्षपछि नेपाली उत्पादन कम भएपछि भारतीय वस्तुको मूल्य बढे पनि नेपाली जनताले किन्नुपर्ने बाध्यता हुन्छ । यसको अर्थ भारतसँगको खुला सिमानाले नेपालको बजारमा मूल्य उतारचढाव हुन्छ । भारतबाट पर्याप्त मात्रामा आयात हुँदा नेपाली उत्पादनले बजार नपाउने र आयात कम हुँदा वा आयात नहुँदा मागअनुसारको पूर्ति नहुने हुँदा वस्तुको मूल्यवृद्धि हुन्छ र भइरहेको छ ।

नेपाल कृषिप्रधान देश हो । यहाँका ६०-६५ प्रतिशत मानिसहरू कृषि पेसामा लागेका छन् । कृषिलाई जीवन निर्वाहको लागि उपयोग गर्छन्, व्यवसायीकरण गरिएको छैन । सिँचाइको राम्रो प्रबन्ध नहुँदा मनसुनी वर्षामा आधारित भएर खेतीपाती गर्नुपर्दछ । मनसुन कहिले चाँडै र कहिले ढिला हुने, कहिले अति वर्षा हुने र कहिले अल्पवृष्टि हुने, कहिले बाढी डुबान, पहिरोले दु:ख दिने र कहिले खडेरी पर्नेजस्ता प्राकृतिक जोखिमहरू रहेका छन् । नेपालको तराईबाहेक पहाडी र हिमाली क्षेत्र ८१/८२ प्रतिशतभन्दा बढी भएकोले भौगोलिक स्वरूपअनुसार आधुनिक र विकसित बीउबिजनसहितको बालीनाली लगाइँदैन । परम्परागत र रैथाने बीउबिजनबाट उत्पादन वृद्धि गर्न सकिँदैन । बालीनाली लगाउन प्रयोगमा ल्याइरहेको तराई र पहाडको जग्गा जमिनलाई पुग्ने गरी रासायनिक मलको समयमै आपूर्ति हुँदैन । रासायनिक मलको लागि किसानहरू हप्तौँ दिनसम्म मल वितरण केन्द्रमा धाउनुपरेका छन् । सरकारले कृषि उत्पादन लागत घटाउन पर्याप्त मात्रामा रासायनिक मल आयात गर्न र अनुदानको व्यवस्था गर्नुपर्दछ । सरकारले यसमा समयमै ध्यान दिई व्यवस्थित गरिरहेको छैन । परिणामस्वरूप मलखाद्को कमी र समयमै मल छर्न नपाउँदा उत्पादन परिमाण घटेको छ र लागत बढेको छ । यसको कारण पनि कृषि उत्पादन महँगो भएको हो ।

नेपालका ७०-८० लाख युवाहरू रोजगारीको लागि बिदेसिएका छन् । तराईदेखि हिमाली क्षेत्रका युवाहरू बिदेसिएका कारण युवा जनशक्तिको अभाव भएको छ । यसले गर्दा कृषि मजदुर एवम् औद्योगिक मजदुरको पूर्ति पर्याप्त नभएको हो । उत्पादक शक्तिको कमी भएकोले पनि उत्पादन लागत वृद्धि भएको देखिन्छ ।

देशका विभिन्न स्थानमा उत्पादन भएका उत्पादनलाई भण्डारण गर्न आधुनिक शीतभण्डार (Cold storage) र व्यवस्थित सङ्कलन केन्द्रहरू आवश्यक छ । तर, नेपालमा पर्याप्त सङ्ख्यामा शीतभण्डार र सङ्कलन केन्द्रहरू छैनन् जसले गर्दा तरकारीजन्य उत्पादन र फलफूल बाटोमा नै भण्डारणको सिलसिलामा र ढुवानीको सिलसिलामा कुहिएर खेर गइरहेको छ । यसरी खेर गएका वस्तुको लागतसमेत बिक्री गरिने वस्तुबाट उठाइने हुँदा वस्तुको मूल्य वृद्धि भएको हो ।

सरकारले मौसमअनुसार धान, गहुँजस्ता कृषि उत्पादनको समर्थन मूल्य तोके पनि सरकारी खरिद संयन्त्र फितलो छ । कृषकहरू सस्तोमै आफ्नो उत्पादन व्यापारीहरूलाई बेच्न बाध्य हुन्छन् । व्यापारीहरूले ठुलो परिमाण वस्तु खरिद गरिसकेपछि मूल्यवृद्धि गर्छन् र महँगी बढ्छ ।

काठमाडौँको कालिमाटी र बल्खुजस्ता ठुला थोक बजार र स्थानीय हाटबजारमा नै कृषि उत्पादनको व्यापार हुन्छ । तरकारीजन्य वस्तु र फलफूलको मूल्य निर्धारणमा ती ठुला थोक बजारले नेतृत्व गरिरहेको छ । अर्थात्, यहाँ तय हुने मूल्यले देशभरकै तरकारी, फलफूलको मूल्यलाई असर पार्दछ ।

यस्ता बजारमा माग र आपूर्तिको सिद्धान्तबमोजिम वस्तुको मूल्य निर्धारण गरिन्छ । तरकारी, फलफूलको मात्रा धेरै भित्रिएको दिन मूल्य घट्छ भने आपूर्ति कम भएको दिन मूल्य स्वत: बढ्छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले हरेक दिन बिहान ४ बजेदेखि ६ बजेसम्म बजारमा भित्रिएको तरकारी-फलफूलको परिमाण र अघिल्लो दिनको बिक्री मूल्यको तथ्याङ्क सङ्कलन गर्दछ । थोक व्यापारी र बिचौलियाहरूसँग समन्वय गर्दछ । त्यसपछि तरकारी-फलफूलको न्यूनतम मूल्य, अधिकतम मूल्य र औसत मूल्य निर्धारण गर्दछ ।

थोक व्यापारी तथा बिचौलियाहरूले खरिद लागत, ढुवानी भाडा र आफ्नो नाफासमेत मूल्याङ्कन गरी प्रारम्भिक मूल्य निर्धारण गर्छन् । उक्त मूल्यमा खरिद गरिएका वस्तुहरू खुद्रा व्यापारीले पनि खरिद मूल्य, ढुवानी खर्च, पसल भाडा, कुहिने जोखिम र आफ्नो नाफासमेत मूल्याङ्कन गरी खुद्रा मूल्य निर्धारण गर्छन् । परिणामस्वरूप उपभोक्ताहरूले कृषकले बिक्री गरेको मूल्यभन्दा २/३ गुणासम्म महँगोमा खरिद गर्नुपर्ने हुन्छ ।

नेपालको बजारमा तरकारी फलफूलजन्य वस्तुमात्र होइन सबै वस्तुको मूल्यवृद्धि हुनुको एउटा मुख्य कारण ढुवानी भाडा बढ्नु हो । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएकोले पेट्रोल, डिजेल, हवाई इन्धनलगायतका पेट्रोलियम पदार्थको मूल्य नेपालमा पनि वृद्धि भयो । उत्पादन लागत पनि वृद्धि भयो । खाद्यान्न, इन्धन, लत्ताकपडालगायतका वस्तुहरू आयात गर्दा विदेशी मुद्रा (डलर) तिर्नुपर्दछ । डलरको भाउ बढ्दा र विदेशमा नै सामानको मूल्य बढ्दा नेपालमा पनि मूल्यवृद्धि हुन्छ । यस्ता बाहिरी र प्राकृतिक कारणबाहेक नेपाली बजारमा सरकारले नियन्त्रण गर्न सकिने विभिन्न कारणहरूले पनि मूल्यवृद्धि भएको छ । सरकारी निकायले बजारको नियमित र कडा अनुगमन नगर्दा व्यापारीहरूले मनोमानी ढङ्गले मूल्य निर्धारण गरेका छन् । विशेष गरी सरकारले बजेट प्रस्तुत गर्दा कर वृद्धि हुने र तलब- भत्ता बढ्ने कुरा अनुमान गर्छन् र सोको अनुपातमा वस्तुको मूल्य निर्धारण गर्दछन् । कतिपय व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरेको कुरा पनि बाहिर आएका छन् । व्यवसायीहरूको आपसी मिलेमतो ( कार्टेलिङ) मा मूल्य र आपूर्ति निर्धारण भएको, धेरैजसो क्षेत्रमा निश्चित व्यापारीहरूको मात्र नियन्त्रण रहेको, बिचौलियाहरूको उच्च प्रभाव परेको, धेरै तहका बिचौलियाहरू सक्रिय भएको कुरा पनि बाहिर आएका छन् । यस्ता विविध कारणहरूले नेपालको बजारमा खाद्यान्न, तरकारी, फलफूल, माछा-मासु, लत्ताकपडालगायत निर्माण सामग्रीहरू, मेसिन-औजार,

**संविधानमा समाजवादउन्मुख राज्य लेखिए पनि नेपाल मिश्रित अर्थतन्त्र भएको मुलुक हो । नेपालको बजार मिश्रित, आयातमा आधारित र एकाधिकारवादी प्रवृत्ति (सिन्डिकेट र कार्टेलिङयुक्त) बजार हो । यातायात, तरकारी तथा फलफूल, निर्माण सामग्रीजस्ता प्रमुख क्षेत्रहरूमा व्यवसायीहरूको आपसी मिलेमतोमा वस्तुको मूल्य र आपूर्ति निर्धारण हुने गर्दछ । बजारमा निजी क्षेत्रको दबदबा छ । इन्धन, विद्युत् र खाद्य संस्थानको चामलमा सरकारको स्वामित्व छ र सरकारले प्रत्यक्ष हस्तक्षेप गर्नसक्छ ।**

उपकरणहरूको मूल्यवृद्धि भएको हो ।

संविधानमा समाजवादउन्मुख राज्य लेखिए पनि नेपाल मिश्रित अर्थतन्त्र भएको मुलुक हो । नेपालको बजार मिश्रित, आयातमा आधारित र एकाधिकारवादी प्रवृत्ति (सिन्डिकेट र कार्टेलिङयुक्त) बजार हो । यातायात, तरकारी तथा फलफूल, निर्माण सामग्रीजस्ता प्रमुख क्षेत्रहरूमा व्यवसायीहरूको आपसी मिलेमतोमा वस्तुको मूल्य र आपूर्ति निर्धारण हुने गर्दछ । बजारमा निजी क्षेत्रको दबदबा छ । इन्धन, विद्युत् र खाद्य संस्थानको चामलमा सरकारको स्वामित्व छ र सरकारले प्रत्यक्ष हस्तक्षेप गर्नसक्छ ।

अत्यावश्यकीय वस्तुको आपूर्ति व्यवस्थापन र उचित भण्डारणको व्यवस्था कमजोर देखिएको छ । सरकारी नियमन कमजोर भएको छ । अनुगमन निष्क्रिय छ । अनुगमन प्रणाली प्रभावकारी र गुणात्मक छैन । संविधानको धारा ४४ मा उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने मौलिक हक भए पनि व्यवहारमा लागू भएको देखिँदैन । उपभोक्ताहरूको रक्षाका लागि बनाइएका ऐन-कानुनहरू पूर्ण रूपमा कार्यान्वयन हुनसकेका छैनन् । स्थानीय सरकार, प्रदेश सरकारसँग समन्वय गरी सङ्घीय सरकारले बजार नियन्त्रण र अनुगमन गरी मूल्यवृद्धि रोक्नुपर्थ्यो, त्यो भइरहेको छैन । सबै खुद्रा पसलहरूमा अधिकतम खुद्रा मूल्य तोकी मूल्यसूची अनिवार्य रूपमा टाँस्न लगाउनुपर्नेमा त्यसो गरिएको छैन । सञ्चालित पसलहरू दर्ता गर्न, बिल अनिवार्य गर्न, लेबलिङ अनिवार्य गर्न सरकारले कडाइका साथ पहल चाल्नुपर्दछ । यदि बजारमा कालाबजारी, सिन्डिकेट, कार्टेलिङ र ठगी कायमै रहन्छ भने आम नागरिकहरूले सरकार भएको अनुभूति गर्न सक्दैनन् ।

चाडपर्व नजिकिँदै गर्दा दैनिक उपभोग्य अत्यावश्यक वस्तुहरू जस्तै: चामल, दाल, तरकारी, फलफूल, माछा, मासु, चिनीलगायतका खाद्यान्नको मूल्य अस्वाभाविक रूपमा बढेको र एलपी ग्याँसको आपूर्ति सहज नभएको कतै रास्वपाको युवा नेतृत्वको सरकारको उपहार त होइन ?

# जापानको ‘अर्ध-गठबन्धन’ को खोजले क्षेत्रीय स्थिरतालाई जोखिममा पारेको छ

● हङ युनक्सिन

जापानका रक्षामन्त्री शिन्जिरो कोइजुमीले यसै साता अष्ट्रेलिया र भारतको द्विपक्षीय सैन्य सम्बन्धलाई सुदृढ पार्न भ्रमण गर्दैछन् । क्यानबेरामा, उनले र अष्ट्रेलियाका रक्षामन्त्री रिचर्ड मार्ल्सले गुप्तचर साझेदारी, रक्षा खरिद, जापानको मोगामी-वर्ग फ्रिगेटहरूसहित र अष्ट्रेलियाली दायराहरूमा संयुक्त हतियार परीक्षणलाई प्राथमिकता दिए । भारतमा, कोइजुमीको भारतीय रक्षामन्त्री राजनाथ सिंहसँगको छलफलले जापानको सहज निर्यात नियमहरूअन्तर्गत समुद्री सुरक्षा र रक्षा प्रविधि हस्तान्तरण विस्तारमा केन्द्रित थियो ।

कोइजुमीको यात्राको एउटा महत्त्वपूर्ण विवरणले ध्यान दियो: जापानी रणनीतिकारहरूका लागि अष्ट्रेलिया र भारत परम्परागत सहयोगी मात्र होइनन्, तर लामो समयसम्म सान्त्वनादायी आकस्मिक योजना अमेरिकाले एसिया-प्रशान्त क्षेत्रबाट फिर्ता हुनुपर्छ । कोइजुमीको अष्ट्रेलियाको रक्षा बलको संयुक्त अपरेशन कमाण्ड र भारतीय नौसेनाको पश्चिमी नौसेना कमाण्डको लगातार भ्रमणले मुख्यतया दुवै राष्ट्रको सुरक्षा क्षमता जापानलाई भविष्यमा भर पर्नका लागि पर्याप्त छ कि छैन भनेर मूल्याङ्कन गर्न मद्दत गर्‍यो ।

विशिष्ट नीतिगत उद्देश्यहरूलाई हेर्दा, कोइजुमीको यात्राले धेरै फरक लक्ष्यहरू हासिल गर्ने लक्ष्य राखेको थियो ।

पहिलो, जापानले अष्ट्रेलियालाई आफ्नो “प्रत्याक्रमण क्षमताहरू” को विकासका लागि साझेदार बनाउन खोज्छ, जुन मानक सैन्य सहयोगलाई पार गर्दछ । हालैका वर्षहरूमा, जापानले लगातार आफ्नो प्रत्याक्रमण क्षमताको विकास गरेको छ, मिसाइल रक्षा प्रणालीहरू मुख्य घटकको रूपमा सेवा गर्दै छन् । जापानको सीमित क्षेत्रले यसलाई अष्ट्रेलियातिर हेर्न बाध्य बनाउँछ, जसको फराकिलो भूभागले लामो दूरीका क्षेप्यास्त्रहरूका लागि आदर्श परीक्षणस्थल प्रदान गर्दछ ।

यसबाहेक, अष्ट्रेलियामा लामो दूरीको क्षेप्यास्त्र परीक्षण गरेर, जापानले दुई राष्ट्रहरूबिचको “अर्ध-गठबन्धन” सहयोगको स्तर प्रदर्शन गरेको मान्न सक्छ र सम्भावित विरोधीहरूलाई “सामूहिक प्रतिरोध” को स्पष्ट राजनीतिक सङ्केत पठाउन सक्छ । यदि जापानले अष्ट्रेलियामा लामो दुरीको मिसाइलको सफलतापूर्वक परीक्षण गर्‍यो भने, यसको मतलब अष्ट्रेलियाले “सामूहिक प्रतिरोध” प्रति प्रतिबद्धता प्रदर्शन गर्दै एक साधारण सुरक्षा साझेदारबाट “अर्ध-सहयोगी” मा रूपान्तरण गर्नेछ ।

दोस्रो, जापानले प्रमुख अन्तर्राष्ट्रिय हतियार निर्यातकर्ताको रूपमा आफ्नो रूपान्तरणलाई गति दिन अस्ट्रेलिया र भारतीय रक्षा बजारको लाभ उठाउने लक्ष्य राखेको छ । जापानको रक्षा खर्च विश्वव्यापी रूपमा शीर्ष १० मा रहेको छ, मुख्यतया रक्षा उपकरण र प्रविधिको स्थानान्तरणमा तीन सिद्धान्तहरूद्वारा लगाइएको प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय हतियार बजारमा यसको स्थान धेरै पछाडि रहेको छ ।

यसलाई सम्बोधन गर्न, साने ताकाइचीको मन्त्रिपरिषद्ले अप्रिल २०२६ मा यी सिद्धान्तहरूलाई उल्लेखनीय रूपमा शिथिल बनायो । रक्षा मन्त्रालयले स्पष्ट रूपमा “सार्वजनिक-निजी साझेदारी” मोडेलमार्फत हतियार निर्यातलाई प्रवर्द्धन गर्ने प्रस्ताव गरेको छ र सङ्केत गरेको छ कि “समान विचारधारा भएका देशहरू” जापानी रक्षा निर्यातका लागि आदर्श लक्ष्य हुन् । अष्ट्रेलियामा, जापानले पहिले नै १० बिलियन डलर (४६.५ बिलियन येन) को मोगामी-क्लास फ्रिगेटहरूको लागि सम्झौता सुरक्षित गरिसकेको छ, जबकि भारतको विशाल नौसेना उपकरणले जापानी फ्रिगेटहरू, परम्परागत पनडुब्बीहरू र अन्य सैन्य हार्डवेयरको निर्यातको अर्को लक्ष्य प्रतिनिधित्व गर्दछ ।

तेस्रो, जापानले आफ्नो “अर्ध-गठबन्धन” नेटवर्कलाई दक्षिणपूर्वी एसियाली देशहरूभन्दा बाहिर फराकिलो एसिया-प्रशान्त क्षेत्रमा विस्तार गर्ने अवसर लिइरहेको छ । कोइजुमीको यात्रा निस्सन्देह सैन्य कूटनीतिको दायराअन्तर्गत पर्दछ, जसको प्राथमिक कार्य द्विपक्षीय सैन्य सहयोगलाई “अर्ध-गठबन्धन” स्तरमा उचाल्ने क्रममा सहयोग बढाउनु हो । जापानद्वारा परिकल्पना गरिएको “अर्ध गठबन्धन” मा, अष्ट्रेलियाले हतियार परीक्षण मैदान र सामुद्रिक खुफिया प्रदान गर्दछ, भारतले घरेलु रक्षा बजार प्रस्ताव गर्दै हिन्द महासागर दिशामा समुद्री सुरक्षाको जिम्मेवारी लिन्छ र जापानले हतियार, उपकरण र सैन्य प्रविधि उत्पादन गर्दछ ।

स्वाभाविक रूपमा, सहयोगको यो सञ्जाल औपचारिक गठबन्धनको बराबर हुँदैन र भारतले रणनीतिक स्वायत्तताप्रति आफ्नो प्रतिबद्धता कायम राख्छ । तैपनि, कोइजुमीको यात्राले अमेरिकाले एसिया-प्रशान्त क्षेत्रमा आफ्नो उपस्थितिलाई क्रमश: फिर्ता गर्दै जाँदा जापानले दृढ “अर्ध-गठबन्धन” फ्रेमवर्क निर्माण गर्न सक्रिय रूपमा प्रयास गरिरहेको देखाउँछ ।

जापानले निर्माण र विस्तार गर्न खोजेको “अर्ध-गठबन्धन” ढाँचाले एसिया-प्रशान्त क्षेत्रमा रणनीतिक स्थिरतामा योगदान पुर्‍याउने छैन भन्ने कुरामा जोड दिनुपर्छ । बरु, यसले क्षेत्रीय सुरक्षा परिदृश्यलाई ध्रुवीकरण गर्नेछ र जापानको सैन्य महत्वाकांक्षालाई उत्प्रेरित गर्नेछ । सुरुमा, अष्ट्रेलिया र भारतमा जापानी हतियार निर्यातले क्षेत्रीय हतियार दौडको जोखिमलाई अनिवार्य रूपमा बढाउनेछ । उही समयमा, संयुक्त जापान-अष्ट्रेलिया हाइपरसोनिक मिसाइल परीक्षण अन्तर-राज्यीय सैन्य सहयोगको उचित सीमाना बाहिर जान्छ, सजिलै छिमेकी देशहरूलाई हेजिङ्ग उपायहरू अपनाउन र सुरक्षा दुविधा सिर्जना गर्न उक्साउँछ ।

यसबाहेक, जापान, अष्ट्रेलिया र भारत बिचको सुरक्षा सहयोग “अर्ध-गठबन्धन” प्रणालीमा विकसित हुन सक्छ, जसले एसिया-प्यासिफिकको रणनीतिक स्थिरतालाई खेमाको राजनीतितर्फ अघि बढाउँछ ।

अन्तमा, आक्रामक युद्धहरू सुरु गर्ने देशको रूपमा, जापानसँग सहयोगीहरू खोज्ने रणनीतिक परम्परा छ; आज पनि त्यही तर्क लागू हुनसक्छ । यदि अष्ट्रेलिया र भारत जापानका “अर्ध-सहयोगी” बन्छन् भने, यसले अनिवार्य रूपमा एक पटक फेरि बाह्य विस्तारको लागि जापानको महत्त्वाकांक्षालाई जलाउनेछ । अन्तर्राष्ट्रिय समुदायले दोस्रो विश्वयुद्धपछिको युगको कडा विजयी शान्तिवादी अन्तर्राष्ट्रिय व्यवस्थालाई जोगाउन आफ्नो “अर्ध-सहयोगी” नेटवर्क फराकिलो बनाउने जापानको प्रयासलाई असफल बनाउनैपर्छ ।

(लेखक साङ्घाई युनिभर्सिटी अफ इन्टरनेशनल बिजनेस एण्ड इकोनोमिक्सका लेक्चरर हुनुहुन्छ ।)

**ग्लोबल टाइम्सबाट**

**अनुवाद : प्रकाश**





# भक्तपुर काण्डको नाममा भएको अत्याचारबारे नयाँ पुस्तालाई बताउनुपर्ने

✍ दुर्गा

नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न २०४५ सालमा पञ्चायती राज्य नै लागेर रचेको षड्यन्त्र भक्तपुर काण्डको विरोध एवं भर्त्सना आज पनि उत्तिकै आवश्यक छ ।

नेपाल मजदुर किसान पार्टीलाई सिध्याउन भक्तपुर काण्ड नामको षड्यन्त्र रचेर पञ्चायती सरकारले भक्तपुरलगायत देशभरका न्यायप्रेमी देशभक्त जनतालाई दमन गरेको थियो । पञ्चायती राज्य लागेर गरेको त्यो दमन, त्यो अत्याचारबाट नयाँ पुस्तालाई बताएर सुसूचित गर्नु आवश्यक छ । घटनाबारे सही सूचना जानकारी सञ्चारमाध्यममार्फत साहित्य लेखेर, अनुभव लेखेर छोटो भिडियो बनाएर प्रसारण गरी नयाँ पुस्तालाई सचेत गर्नुपर्छ । यस्ता षड्यन्त्रहरू फेरिफेरि कुनै नाम या बहानामा हुन सक्छ । नेमकिपाले कम्युनिस्ट सिद्धान्तअनुसार आचरण, व्यवहारमा उत्रेर जनतालाई सचेत र सङ्गठित गरेको हुँदा विदेशी शक्ति, पुँजीवादी, साम्राज्यवादी, विस्तारवादीहरूका लागि असह्य भइरहेको छ, आँखाको कसिङ्गर भइरहेको छ । उनीहरूले लोभ र डर देखाएर जनताको आँखामा छारो हाल्ने दुष्प्रयास गरिरहेका छन् । यसप्रति सबै सचेत हुनु आवश्यक छ । कुनै लोभ र डरमा नफसी, नझुकिकन सबै एकढिक्का भएर प्रतिकारमा उत्रनु आवश्यक छ ।

देशघाती, प्रतिक्रियावादीहरूले पार्टी अध्यक्ष बिजुक्छेँको विरोधमा यतिसम्मको गलत, झूट प्रचार गरेका थिए कि पूर्वप्रधानमन्त्री टङ्कप्रसाद आचार्यसमेत त्यसको शिकार भए । बिजुक्छेँ र केही साथीलाई उनले चिनेनन् । पार्टी अध्यक्ष बिजुक्छेँले विस्तारै देश र विश्वको परिस्थिति, राजनीतिक इतिहासबारे सभ्य र शालीन तरिकाले कुरा उठाउन थालेपछि मात्र उनले चिने । साम्राज्यवादी, उपनिवेशवादी, विस्तारवादी, पुँजीवादीहरूले यस्तै गलत सूचना प्रवाह गरेर विश्वका साम्राज्यवाद, उपनिवेशवाद, विस्तारवाद, पुँजीवादविरोधी देशभक्त नेताहरूलाई षड्यन्त्र गरेर अनेक दु:ख दिएका थिए ।

२०४५ सालको षड्यन्त्र भक्तपुर काण्डको बहानामा राज्यले टोल टोलमा गरेको दमन, अत्याचार, दु:ख, पीडा र सङ्घर्ष, सुस्तालगायत देशभरको सीमा अतिक्रमण, भर्पाई आन्दोलन, महाकाली सन्धि, एमसीसीलगायतका देशघाती कदमबारे नयाँ पुस्तालाई बताउनुपर्छ । भोलि समाज र देश हाँक्ने योद्धा भनेकै नयाँ पुस्ता हो । शासक दलहरू भदौ २३ र २४ गतेको उपद्रोले गल हत्याउँदा पनि चेत खाएका छैनन् ।

फेरि प्रदेशसभामा शासकहरू पदको भागबन्डामा झगडा गर्दै छन् । नयाँ भनिएको दलमा पनि त्यही खरानी घस्ने जोगी भएर निस्केको कुरा जनताले अनुभव गर्दै छन् । जनता सचेत नभएसम्म देशमा यस्तै दलले शासन गरेर दु:ख दिनेछन् । जनता सचेत र शिक्षित भएर लोभ र डरको अगाडि नझुक्न नजानेसम्म यस्तै दु:ख जनताले पाइरहनेछन् ।

भक्तपुरको सांस्कृतिक गाईजात्रा सञ्चारमाध्यमबाट विश्वको जनताले हेर्ने हुँदा गाईजात्रालाई बाजाको ताल र सुरअनुसार नै कला, हाउभाउमा नाचेर देखाउनुपर्छ । गलत आवाज, हाउभाउ पोशाकमा नभइकन हाम्रो आफ्नै संस्कृति झल्किने गरी सांस्कृतिक पोसाक, गरगहना, नृत्यकलामा नाच्नुपर्दछ । क्रान्तिकारी महिला दिदीबहिनीहरूको सङ्घर्षशील एकता र बलले नै पञ्चायतको अन्त्य भयो । यस्तो एकतालाई बिनास्वार्थ सधैँ कायम गर्नु आवश्यक छ । सङ्घर्षशील भावना भयो भने मात्र हामीलाई प्रतिक्रियावादी देशी विदेशी शक्तिले अन्याय, अत्याचार गर्न, दु:ख दिन सक्ने छैनन् ।

भक्तपुर काण्डको समयमा देशका विभिन्न ठाउँमा गएर भूमिगत, कष्टकर जीवन र सङ्घर्ष गर्नुपर्‍यो । सङ्कटको बेलाको मित्र असल मित्र हुन्छ । रगतको नाताभन्दा वर्गीय नाता न्यानो र असल नाता मित्र हुन्छ । भूमिगत बसाइँको क्रममा समेत वैचारिक सङ्घर्ष गर्नु पर्दछ ।

नेमकिपाले ‘पञ्चायतलाई उपयोग गरी त्यसको जरा काट्ने काम गरेको थियो । पञ्चायत पत्रिका निकालेर पञ्चायतको विरोध गरेको र माओ र स्तालिनजस्ता नेताहरूको जीवनी छापिएको थियो । घटनाक्रमले माओवादी भन्नेहरू विचार र सिद्धान्त त्यागेर पुँजीवादी पोखरीमा पौडी खेल्दा चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी भन्नेजस्ता भएको जनताले देखिरहेका छन् । ‘जो आगोसँग खेल्छ आगोमै मर्छ, जो पानीसँग खेल्छ पानीमै डुबेर मर्छ’ भनेजस्तै नेमकिपालाई सिध्याउन जसले षड्यन्त्र रच्यो, फुटाउने फोहरी खेल खेल्यो आज त्यसैको शिकार भएको घटना क्रमले प्रस्ट भइसकेको छ ।

नेमकिपाका कार्यकर्ताहरू विभिन्न ठाउँमा भूमिगत बसेको, जिल्लाबाहिर गएको, भूमिगत अवस्थामै कोही शिक्षक भएर काम गरेको कोही अन्य पेसामा लागेका थिए । कोही कार्यकर्ताहरू कानुनी व्यवसायी, मानव अधिकारवादी, पत्रकारहरूसँग भेटघाट गर्ने, सूचना, समाचार सम्प्रेषण गर्ने काममा लागेका थिए ।

अन्यायको विरोधमा क्रान्तिकारी महिला दिदीबहिनीहरूले मुठी कसेर राँको बालेर सङ्घर्ष गरे । त्यसैको परिणाम पञ्चायतको अन्त्य भयो ।

छोराछोरीहरूलाई समयसमयमा यस्तो षड्यन्त्र र अत्याचारबारे सुनाएर सचेत पार्नुको साथै त्यसको विरोधमा लड्न सङ्गठित हुन बताइरहनुपर्ने कुरा आजको आवश्यकता हो ।

# देशमा उच्छृङ्खल र अराजक गतिविधि बढ्दो

थोरै समयमा धेरै चर्चा पाएर झन्डै दुईतिहाइ मत प्राप्त भएको रास्वपा थोरै समयमै जनतामाझ धेरै बदनाम भएको छ । वर्तमान सरकारले सेना, प्रहरी, कर्मचारी र शिक्षकको पारिश्रमिक बढाएर आफ्नो समर्थन लिने प्रयास गरे पनि देशका व्यापक जनता सरकारप्रति सन्तुष्ट छैनन् । हप्ताको दुई दिन बिदाले अभिभावक र विद्यार्थीहरू असन्तुष्ट छन् । झन्डै तीन महिना बितिसके पनि सरकारले पर्याप्त ग्यासको व्यवस्था गर्न नसक्दा उपभोक्ताहरू आक्रोशित मात्र होइन आन्दोलित छन् । ग्यास बोक्दै विद्यार्थीहरू आन्दोलनमा उत्रे । कतिले ग्यास नपाएर मर्का परेको कारण देखाइ व्यङ्ग्य गीत लेखे । अहिले पनि ग्यासको सहज आपूर्ति भएको छैन ।

महँगी त्यतिकै बढेको छ । महँगीले सर्वसाधारण जनताको ढाड सेकेको छ । दाल, चामल, तरकारी, फलफूल, माछा, मासु, अण्डा र चिनी आदि खाद्यान्नको अस्वाभाविक रूपमा मूल्य बढेको छ । प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने मौलिक हक र उपभोक्ता अधिकार रक्षाका लागि विभिन्न ऐन-कानुनको व्यवस्था भए पनि पूर्णत: त्यो लागू भएको देखिँदैन । एकातिर ग्यासको अभाव अर्कोतिर चामल, दाल, खानेतेलको मूल्य बढेर उपभोक्ताहरू मर्कामा परेका छन् । सबभन्दा बलियो भनिएको एकल सरकारले महँगी नियन्त्रण र कालोबजारी नियन्त्रण गर्न सकेको छैन ।

नदी किनार र सार्वजनिक जग्गामा वर्षौंदेखि बस्दै आएका सुकुमवासीहरू घर भत्काइदिएपछि बिचल्लीमा परेका छन् । उनीहरूको घरबास मात्र होइन सन्तानहरूको पढाइ, रोजगारी, सामाजिक सम्बन्ध र भविष्यको आधार पनि भत्केको छ । सरकारले बिनातयारी, बिनापूर्वाधार उठिबास गरेकोले पनि समस्या भएको र विरोध बढेको हो ।

राज्यले युवाहरूलाई देशभक्त, अनुशासित, कर्तव्यनिष्ठ र देश र जनताप्रति जिम्मेवार बनाई देशको विकासमा समेट्नुपर्नेमा उल्टो उनीहरू अराजक, उच्छृङ्खल बाटोमा लागेर सर्वसाधारण जनता असुरक्षित हुन थालेका छन् । सानी नानीदेखि वृद्धाहरूसमेत बलात्कारका शिकार भए र उनीहरूको हत्या भयो । प्रत्येक दिनझैँ समाजमा अमानवीय, क्रूर मात्र होइन दानवीय घटनाहरू बढ्न थाले । सत्ता र शक्तिको दुरूपयोग गरेर या बलियोको अहङ्कार देखाएर गरिब सुकुमवासी भूमिहीनको वासस्थान वैकल्पिक आवासको उचित व्यवस्थापन नगरी विस्थापित गर्दा पीडाले आत्महत्याको क्रम बढ्यो । सरकारको गैरजिम्मेवारी र कमजोरीले गर्दा पेट्रोल छर्केर, रुखमा झुण्डिएर असफल आत्महत्याका प्रयासहरू पनि गरेको देखियो । दिउँसै युवा-युवाबिच कुटपिट, हातपात गरेर अशक्त बनाउने, छुरा प्रहार गरेर हत्या गर्ने घटना घटिरह्यो । साउन २८ गते भक्तपुरको बोडेस्थित होल्डिङ सेन्टरमा ५७ वर्षीय हीरालाल हजारा पासवान झुन्डिएको अवस्थामा मृत भेटिएका थिए । यसरी कुनै शौचालयमा झुन्डिएको अवस्थामा त कुनै नदीमा शव भेटिएको खबर छापामा आएको थियो ।

सरकार संसद् र जनताप्रति जिम्मेवार नहुँदा लामो समयसम्म संसद् नै चलेन । विपक्षमा रहेका सबैजसो सांसदहरूले संसद्मा सत्तासीन दलका नेता र मन्त्रीहरू जिम्मेवार हुन आग्रह गरिरहे । रास्वपाका मन्त्री र सांसदहरूको कमजोरी छोप्ने प्रयास गर्दा झन् सत्तासीन मन्त्री र सांसदहरूको बढी विरोध भयो । जितपुर सिमरा उपमहानगरपालिकाकी तीन वर्षीया बालिकाको बलात्कारपछि हत्याको घटनामा पीडित परिवारले आफ्नो सहमतिबिना प्रशासनले सम्झौता गरेको भन्दै शव बुझ्न अस्वीकार गरेको छ । बालिकाका आफन्तहरू सिमरास्थित वीरगञ्ज पथलैयामा मात्र होइन अन्य स्थानहरूमा हत्यारालाई फाँसीको माग गर्दै विरोध प्रदर्शनमा उत्रेका छन् । मानिसलाई बेपत्ता पार्ने, बेचबिखन गर्ने, बलात्कार र हत्या गर्ने तथा चोरीचकारी र लुटपाट गर्नेजस्ता उच्छृङ्खल र अराजक गतिविधिले देशलाई कहाँ पुर्‍याउने हो ? देशको स्थिति के हुने हो ? जनता चिन्तित छन् । यस्तै गतिविधिले स्थान पाउँदै जाने हो भने देशमा न शान्ति हुन्छ न त सुरक्षा नै हुन्छ ।




सोभियत लालसेनाले नाजी फासीवादी आक्रमणकारीहरूबाट मोल्डोभालाई मुक्त गरेको ८२ औं वार्षिकोत्सव मनाउन पूर्वसोभियत गणतन्त्र मोल्डोभाको राजधानी किसिनाउमा शान्ति र मुक्ति मार्च गर्दै मोल्डोभान जनता मार्च २४, २०२६ को दिन ।

*तस्बिर : मोल्डोभान कम्युनिष्ट पार्टीको फेसबुक पेज*

# भारतमा भेदभाव रोक्न राष्ट्रसङ्घको आग्रह

जेनेभा, २५ अगस्ट (एएफपी) । संयुक्त राष्ट्रसङ्घको जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिले भारतमा आदिवासी, दलित तथा अन्य सीमान्तकृत समुदायमाथि हुने भेदभाव, हिंसा र कानुन प्रवर्तन निकायबाट हुने मानव अधिकार उल्लङ्घन रोक्न तत्काल कदम चाल्न आग्रह गरेको छ । समितिले बङ्गाली भाषी मुस्लिम, रोहिङ्गया, आप्रवासी तथा शरण खोज्नेहरूमाथि हुने भेदभाव र घृणाजन्य अपराधप्रति समेत चिन्ता व्यक्त गरेको छ ।

जातीय भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समिति (सिइआरडी) ले अनुसूचित जनजाति, अनुसूचित जाति तथा दलितलगायत समुदायविरुद्ध अत्यधिक बल प्रयोग, गैरन्यायिक हत्या, मनमानी हिरासत, यातना, दुर्व्यवहार र यौन हिंसाका घटनाबारे प्राप्त रिपोर्टप्रति गम्भीर चासो व्यक्त गरेको हो । समितिले त्यस्ता आरोपको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी कारबाही गर्न आग्रह गरेको छ ।

समितिले रोहिङ्गया, बङ्गाली भाषी मुस्लिम, आप्रवासी तथा शरण खोज्नेहरूलाई लक्षित गरी हुने कानुन प्रवर्तन कारबाही र जातीय पहिचानका आधारमा गरिने जाँच तथा पक्राउ रोक्न भारतलाई आग्रह गरेको छ । साथै भेदभाव, घृणापूर्ण अभिव्यक्ति र घृणाजन्य अपराध नियन्त्रण गर्न तथा अन्तर्राष्ट्रिय सुरक्षाको आवश्यकता भएका व्यक्तिलाई जबरजस्ती फिर्ता नगर्न सुझाव दिएको छ ।

भारतमा जात व्यवस्था सामाजिक हैसियत, स्रोत, शिक्षा र अवसरमा पहुँचलाई प्रभावित गर्ने प्रमुख आधारका रूपमा रहेको समितिको भनाइ छ । अठार जना स्वतन्त्र मानव अधिकार विशेषज्ञ रहेको सिइआरडीले जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पालना गर्ने १८२ सदस्य राष्ट्रको अनुगमन गर्छ ।

सन् २००७ पछि पहिलोपटक भारतले यसै महिनाको सुरुमा समितिसमक्ष समीक्षा गराएको थियो । भारतीय प्रतिनिधिमण्डलको नेतृत्व महान्यायाधिवक्ता तुषार मेहताले गर्नुभएको थियो ।

सिइआरडीका सिफारिस कानुनी रूपमा बाध्यकारी नभए पनि अन्तर्राष्ट्रिय मानव अधिकार क्षेत्रमा तिनको महत्त्वपूर्ण प्रभाव रहन्छ । भारतको जेनेभास्थित मिसनले भने देशको बहुलवाद, विविधता तथा संवैधानिक र कानुनी संरचनाबारे आफ्नो धारणा प्रस्तुत गर्दै सबै नागरिकका लागि समानता, मर्यादा र अवसर सुनिश्चित गर्ने प्रयास जारी रहेको बताएको छ ।

# तीन पत्रकारलाई हिरासतमा राख्न आदेश

ढाका, २५ अगस्ट (एपी) । बङ्गलादेशको विशेष न्यायाधिकरणले सन् २०२४ को विद्यार्थी आन्दोलनसँग सम्बन्धित मानवताविरुद्धको अपराध मुद्दामा तीन पत्रकारलाई मुद्दाको टुङ्गो नलागेसम्म हिरासतमा राख्न आदेश दिएको छ । उहाँहरूको पक्राउ र जमानत अस्वीकारप्रति अन्तर्राष्ट्रिय मानव अधिकार तथा प्रेस स्वतन्त्रता संस्थाले आपत्ति जनाउँदै आरोप फिर्ता लिन आग्रह गरेका छन् ।

न्यायाधिकरणले एकट्टोर टेलिभिजनका प्रधान सम्पादक मोजाम्मेल बाबु, प्रमुख संवाददाता फरजाना रूपा तथा दैनिक भोरेर कागोजका सम्पादक एवं नेसनल प्रेस क्लबका पूर्व महासचिव श्यामल दत्तलाई हिरासतमा राख्न आदेश दिएको हो । उहाँहरू सोमबार न्यायाधिकरणमा उपस्थित हुनुभएको थियो । न्यायाधीशले अर्को सुनुवाइ अक्टोबर २५ का लागि तोक्दै अनुसन्धान प्रतिवेदन पेस गर्न निर्देशन दिएका छन् ।

अभियोजन पक्षले तीनै पत्रकारले विद्यार्थी प्रदर्शनकारीमाथि दमन गर्न तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई उक्साएको आरोप लगाएको छ । अभियोजनकर्ताका अनुसार उहाँहरूले जुलाई १४, २०२४ मा पत्रकार सम्मेलनमा हसिनालाई प्रदर्शनकारीबारे उत्तेजक प्रश्न सोध्नुभएको थियो । त्यसपछि उहाँले प्रदर्शनकारीप्रति आपत्तिजनक टिप्पणी गर्नुभएको र आन्दोलनमाथि रक्तपातपूर्ण दमन सुरु भएको अभियोजन पक्षको दाबी छ ।

सन् २०२४ को जुलाई-अगस्टमा भएको आन्दोलनमा सयौं मानिस मारिएका थिए । आन्दोलनको दबाबपछि हसिना अगस्ट ५, २०२४ मा भारत भाग्नुभएको थियो । उहाँमाथि मानवताविरुद्धको अपराधको आरोपमा अनुपस्थितिमै मुद्दा चलाइएको र मृत्युदण्डको फैसला सुनाइएको छ ।

हसिनाको बहिर्गमनपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले तीनै पत्रकारलाई पक्राउ गरेको थियो । पत्रकारहरूविरुद्ध आन्दोलनका क्रममा भएको हत्यासहित विभिन्न आरोपमा मुद्दा चलिरहेको छ । उहाँहरूका परिवारले गैरकानुनी रूपमा हिरासतमा राखिएको दाबी गरेका छन् ।

कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सिपिजे) का एसिया-प्रशान्त कार्यक्रम संयोजक कुणाल मजुमदारले पत्रकार सम्मेलनमा प्रश्न सोधेकै आधारमा मानवताविरुद्धको अपराधको मुद्दा चलाउनु गम्भीर चिन्ताको विषय भएको बताउनुभयो । उहाँले सम्पादकीय निर्णय विवादास्पद हुन सक्ने भए पनि त्यसलाई अपराधीकरण गर्न नमिल्ने भन्दै तीनै पत्रकारलाई तत्काल रिहा गरी आरोप खारेज गर्न आग्रह गर्नुभयो ।

यसैबिच, भारतमा रहनुभएकी हसिनाले आगामी डिसेम्बरमा बङ्गलादेश फर्कने बताउनुभएको छ । बङ्गलादेश सरकारले भारतसँग उहाँलाई सुपुर्दगी गर्न आग्रह गरे पनि भारतले उक्त आग्रह अस्वीकार गरेको छ ।

# क्यानाडाको जवाफी शुल्क घोषणा

वासिङ्टन, २५ अगस्ट (एएफपी) । संयुक्त राज्य अमेरिकाले क्यानाडाली वस्तुमाथि थप शुल्क लगाएपछि क्यानाडाले मङ्गलबार त्यसको जवाफी कदम घोषणा गर्ने भएको छ । दुई देशबिच हप्तौंसम्म चलेको वार्ता नयाँ अमेरिकी शुल्क रोक्ने सहमतिमा पुग्न नसकेपछि व्यापारिक तनाव थप चुलिएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार क्यानाडाबाट आयात हुने मोटरमा अर्को वर्षदेखि शुल्क बढाएर ५० प्रतिशतसम्म पुऱ्याउने बताउनुभएको छ । यसअघि क्यानाडाली मोटरमा गैरअमेरिकी सामग्रीका लागि २५ प्रतिशत शुल्क थियो । अमेरिकाले क्यानाडाली वस्तुमाथि ५० प्रतिशतसम्मको नयाँ शुल्क शनिबारदेखि लागू गरेको थियो ।

क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले यसअघि अमेरिकी कदमको जवाफमा सेप्टेम्बर ८ देखि लागू हुने प्रतिशोधात्मक शुल्क घोषणा गर्नुभएको थियो । त्यसमा अमेरिकी स्टिल, दुग्धजन्य पदार्थ, कृषि उपकरण, कागज र विद्युतीय सामग्रीलगायत वस्तु समेटिएका छन् । उहाँले अमेरिकी वार्ताकारले मोटर, स्टिल र आल्मुनियमजस्ता क्यानाडाका प्रमुख उद्योगलाई असर पार्ने अनुचित सर्त अघि सारेको आरोप लगाउनुभएको छ ।

क्यानाडाको कुल निर्यातमध्ये करिब ७० प्रतिशत अमेरिकी बजारमा जाने भएकाले व्यापार विवादले क्यानाडाली उद्योग र रोजगारीमा असर पार्ने चिन्ता बढेको छ । एङ्गस रिड इन्स्टिच्युटको सर्वेक्षणमा चारमध्ये तीन क्यानाडालीले अमेरिकी दबाबका बाबजुद व्यापार वार्ताबाट पछि नहट्ने सरकारको निर्णयलाई समर्थन गरेका छन् भने पाँचमध्ये करिब दुई जनाले रोजगारीबारे चिन्ता व्यक्त गरेका छन् ।

ओन्टारियोका प्रिमियर डग फोर्डले अमेरिकी मोटर शुल्कको विरोध गर्दै आवश्यक परे अमेरिकातर्फ निर्यात हुने विद्युत्‌मा अधिभार लगाउन सकिने चेतावनी दिनुभयो । यसअघि ओन्टारियोले तीन अमेरिकी राज्यमा विद्युत् निर्यातमा २५ प्रतिशत अधिभार लगाएको थियो ।

ह्वाइट हाउसले क्यानाडाले अमेरिकी मदिरा, मोटर र दुग्धजन्य पदार्थमा भेदभावपूर्ण शुल्क लगाएको आरोप लगाएको छ । पछिल्लो अमेरिकी शुल्कले करिब ५.५ प्रतिशत क्यानाडाली वस्तु प्रभावित हुने र त्यसको मूल्य करिब २० अर्ब अमेरिकी डलर रहेको बताइएको छ ।

यसैबिच, दुई देशले संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानाडा स्वतन्त्र व्यापार सम्झौता (युएसएमसीए) को संशोधनसम्बन्धी विषय पनि टुङ्ग्याउनुपर्नेछ । राष्ट्रपति ट्रम्पले सम्झौतालाई वर्तमान स्वरूपमा नवीकरण नगर्ने बताउँदै आउनुभएको छ । पछिल्लो विवादले लामो समयदेखि निकट सम्बन्धमा रहेका दुई छिमेकीबिच आर्थिक तथा राजनीतिक तनाव थप बढाएको छ ।

# इरानमाथि अमेरिकाको थप प्रतिबन्ध

वासिङ्टन, २५ अगस्ट (एएनआई) । संयुक्त राज्य अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा तेल र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकी विदेश मन्त्रालयका अनुसार प्रतिबन्धको उद्देश्य इरानी शासनका आम्दानीका स्रोत रोक्नु तथा अमेरिकी सेना र सहयोगीमाथि आक्रमण गर्न सहयोग गर्ने सञ्जाल कमजोर पार्नु हो ।

'अपरेसन इकोनोमिक आउटकास्ट' अन्तर्गत लगाइएको प्रतिबन्धले इरानको पेट्रोलियम आम्दानी र परम्परागत हतियारको प्रसारसँग सम्बन्धित गतिविधिलाई लक्षित गरेको मन्त्रालयले जनाएको छ । प्रतिबन्ध कार्यकारी आदेश १३८४६ र १३९४९ अन्तर्गत लगाइएको हो ।

अमेरिकाले इरानी सैन्य गतिविधिलाई सहयोग गरेको आरोपमा 'डेडेनेगर स्टार्टअप स्टुडियो' लाई पनि प्रतिबन्ध लगाएको छ । उक्त कम्पनीले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानी सैन्य लक्ष्य पहिचान तथा युद्ध क्षतिको मूल्याङ्कनका लागि चिनियाँ व्यावसायिक स्याटेलाइट तस्बिर प्रयोग गरेको अमेरिकी दाबी छ । त्यस्तै, इरानी इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) साइबर-इलेक्ट्रोनिक कमान्डलाई अमेरिकी सैन्य सम्पत्तिसम्बन्धी सूचना प्राप्त गरेको आरोपमा प्रतिबन्ध लगाइएको छ ।

प्रतिबन्धको सूचीमा आइआरजिसीका कमान्डर-इन-चिफ अहमद वाहिदी पनि पर्नुभएको छ । अमेरिकी विदेश मन्त्रालयले उहाँले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानको सैन्य निर्णयमा महत्त्वपूर्ण भूमिका खेलेको आरोप लगाएको छ । 'रिवार्ड फर जस्टिस' कार्यक्रमअन्तर्गत वाहिदी र आइआरजिसीका वरिष्ठ नेता अली अब्दुल्लाहीबारे सूचना दिनेलाई एक करोड अमेरिकी डलरसम्म पुरस्कार दिने घोषणा गरिएको छ ।

अमेरिकी कदमले इरानको तेल ढुवानी गर्ने 'डार्क फ्लीट' तथा पेट्रोलियम, पेट्रोलियम उत्पादन र पेट्रोकेमिकलको बिक्री तथा ढुवानीमा संलग्न अन्तर्राष्ट्रिय मध्यस्थलाई समेत समेटेको छ । मन्त्रालयले यस्ता सञ्जालले पहिचान लुकाएर भ्रामक ढुवानी गतिविधि गर्ने आरोप लगाएको छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसअघि घोषणा गरेको 'अपरेसन इकोनोमिक आउटकास्ट' ले विश्वभर इरानका वित्तीय सम्बन्ध तोड्ने र इरानी शासनका आर्थिक स्रोत बन्द गर्ने लक्ष्य राखेको छ । उहाँले इरानले विश्वव्यापी अलगाव रोज्ने वा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुनः सहभागी हुने बाटो अपनाउनेमध्ये एक छनोट गर्नुपर्ने बताउनुभएको छ ।

पछिल्लो प्रतिबन्धसँगै इरानको तेल निर्यात, सैन्य खरिद र अन्तर्राष्ट्रिय वित्तीय सञ्जालमाथि अमेरिकी दबाब थप बढेको छ ।

# हर्मुजमा छ महिनामा ६८ समुद्री घटना

लन्डन, २५ अगस्ट (एएफपी) । इरान, अमेरिका र इजरायलबिच जारी छ महिनाको युद्धका क्रममा हर्मुजको जलडमरु आसपास व्यापारिक जहाजसम्बन्धी ६८ घटना भएका छन् । अन्तर्राष्ट्रिय समुद्री सङ्गठन (आइएमओ) का अनुसार ती घटनामा कम्तीमा २० जना नाविक तथा बन्दरगाह कामदारको मृत्यु, ३५ जना घाइते र एक जना बेपत्ता भएका छन् ।

संयुक्त राष्ट्रसङ्घको सामुद्रिक निकायका अनुसार घटनामध्ये करिब आधामा ट्याङ्कर, २० प्रतिशतमा कन्टेनर जहाज र १५ प्रतिशतमा बल्क क्यारियर संलग्न थिए । युनाइटेड किङ्गडम मेरिटाइम ट्रेड अपरेसन (युकेएमटीओ) ले ४७ घटनालाई आक्रमणका रूपमा वर्गीकरण गरेको छ । लाइबेरियाको झण्डा बोकेका जहाज १३ घटनामा, पनामा र मार्सल आइल्यान्डका १०-१० तथा इरानका चार जहाज घटनामा परेका छन् ।

युद्ध सुरु भएदेखि जुनको मध्यसम्म औसत प्रत्येक दुई दशमलव तीन दिनमा एउटा घटना भएको थियो । यस अवधिमा १६ जनाको मृत्यु र १९ जना घाइते भएका थिए । घटनाहरू इराक, इरान, कतार, साउदी अरब, ओमान र संयुक्त अरब इमिरेट्सका तटीय क्षेत्रमा समेत भएका थिए ।

# डोभाल-हान भेटमा सीमा शान्तिमा जोड

पेइचिङ, २५ अगस्ट (एएनआई) । भारत र चीनले सीमा क्षेत्रमा शान्ति तथा स्थिरता कायम गर्दै द्विपक्षीय सम्बन्ध सुधार गर्ने उपायबारे छलफल गरेका छन् । दुईदिने चीन भ्रमणमा रहनुभएका भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले मङ्गलबार चिनियाँ उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गर्नुभएको हो ।

भारत-चीन सीमा प्रश्नसम्बन्धी विशेष प्रतिनिधिको २५ औँ चरणको वार्ताअघि भएको भेटमा सीमा क्षेत्रमा शान्ति र स्थिरता सुदृढ गर्ने तथा आर्थिक, राजनीतिक र बहुपक्षीय क्षेत्रमा सहकार्य बढाउने विषयमा छलफल भएको चीनस्थित भारतीय दूतावासले जनाएको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले दुवै पक्षले पछिल्लो घटनाक्रमको समीक्षा गर्दै सम्बन्धलाई क्रमशः सामान्य बनाउने दिशामा प्रगति भइरहेको बताउनुभयो । उहाँका अनुसार स्थिर, पूर्वानुमानयोग्य र रचनात्मक सम्बन्धले दुई देशबिच विश्वास र समझदारी बढाउन सहयोग गर्नेछ ।

डोभाल र चिनियाँ विदेशमन्त्री वाङ यीबिच पनि २५ औँ चरणको विशेष प्रतिनिधि वार्ता हुँदैछ । गत जुनमा नयाँदिल्लीमा भएको ब्रिक्स राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठकका क्रममा डोभाल र वाङबिच भेटवार्ता भएको थियो ।

भारत-चीन सम्बन्ध सुधारको प्रयासका क्रममा गत वर्ष तियानजिनमा भएको एससीओ शिखर सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङबिच भेटवार्ता भएको थियो । दुवै नेताले दुई देश विकासका साझेदार रहेको र मतभेदलाई विवादमा परिणत हुन दिन नहुनेमा जोड दिनुभएको थियो ।

सीमा विवादका कारण लामो समयदेखि तनावपूर्ण रहेको भारत-चीन सम्बन्धलाई उच्चस्तरीय संवादमार्फत क्रमशः सामान्य बनाउने प्रयास भइरहेको छ ।

# डिजिटल पुँजीवाद र अतिरिक्त मूल्यको सिद्धान्त

**१. प्रस्तावना**

कार्ल मार्क्सले उन्नाइसौँ शताब्दीको मध्यतिर आफ्नो अमर कृति दास क्यापिटलमार्फत पुँजीवादी उत्पादन प्रणालीको चिरफार गर्दा तत्कालीन औद्योगिक क्रान्ति, कारखाना प्रणाली र भौतिक श्रमलाई मुख्य आधार बनाउनुभएको थियो। मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्तअनुसार, पुँजीपतिले बजारबाट श्रमिकको श्रमशक्ति खरिद गर्छ र उसलाई जीवित रहन तथा आफ्नो श्रमशक्ति पुनरुत्पादन गर्न आवश्यक पर्ने समयभन्दा बढी समय काममा लगाउँछ। यसरी आवश्यक श्रम, समय र अतिरिक्त श्रम समयबिचको अन्तरविरोधबाट नै अतिरिक्त मूल्यको जन्म हुन्छ, जसलाई पुँजीपतिवर्गले नाफाका रूपमा सञ्चित गर्दछ।

बीसौँ शताब्दीभरि यो सिद्धान्त भौतिक कारखाना, कपडा उद्योग, फलाम खानी र परम्परागत औद्योगिकीकरणको सन्दर्भमा प्राज्ञिक रूपमा अकाट्य रह्यो। तर, एक्काइसौँ शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा विज्ञान र प्रविधिको अभूतपूर्व विकास, इन्टरनेटको विश्वव्यापी सञ्जाल र कृत्रिम बौद्धिकताको विस्तारले उत्पादनका साधन, श्रमको स्वरूप र पुँजीको चरित्रमा गम्भीर संरचनात्मक परिवर्तन ल्याइदिएको छ।

समकालीन डिजिटल युगमा पुँजीवादले आफूलाई 'डिजिटल पुँजीवाद' का रूपमा पुनर्गठित गरेको छ। यस नयाँ चरणमा उत्पादनका परम्परागत सीमाहरू भत्किएका छन् र कारखानाका भौतिक पर्खालहरू बाहिर फैलिएर सम्पूर्ण समाज नै नाफा उत्पादन गर्ने एउटा बृहत् प्रयोगशालामा रूपान्तरित भएको छ। सतहमा हेर्दा प्रविधिले मानव जीवनलाई सहज, छरितो र मनोरञ्जनात्मक बनाएकोजस्तो देखिए तापनि यसको अर्थ-राजनीतिक गर्भभित्र शोषणको प्रक्रिया अझ सूक्ष्म, सर्वव्यापी र अदृश्य बन्दै गएको छ।

डिजिटल प्लेटफर्महरूले भौतिक बल प्रयोग वा प्रत्यक्ष उत्पीडनबिना नै प्रयोगकर्ताहरूको दैनिक जीवन, मानसिक गतिविधि, सामाजिक अन्तरक्रिया र बौद्धिक क्षमतालाई अतिरिक्त मूल्य सिर्जना गर्ने अचुक हतियार बनाएका छन्। तसर्थ, मार्क्सवादी ज्ञानमीमांसाको आलोकमा डिजिटल युगभित्र लुकेको अतिरिक्त मूल्यको दोहन प्रक्रियालाई विच्छेदन गर्नु समकालीन समाजशास्त्र र अर्थ-राजनीतिको अनिवार्य बौद्धिक दायित्व हो।

**२. ज्यालाविहीन डिजिटल श्रम**

पारम्परिक मार्क्सवादी अर्थशास्त्रमा श्रम भन्नाले निश्चित पारिश्रमिकको बदलामा निश्चित कार्यघण्टाभित्र गरिने भौतिक वा बौद्धिक गतिविधिलाई बुझिन्थ्यो। तर, डिजिटल पुँजीवादले 'डिजिटल श्रम' को नितान्त नयाँ अवधारणालाई जन्म दिएको छ, जुन पूर्णतया ज्यालाविहीन छ। इटालेली समाजशास्त्री टिजियाना टेरानोभाले औँल्याएझैँ इन्टरनेटको संसारमा प्रयोगकर्ताहरूले गर्ने प्रत्येक गतिविधि एउटा उत्पादनशील श्रम हो। जब कुनै व्यक्ति सामाजिक सञ्जालहरू जस्तै फेसबुक, इन्स्टाग्राम, टिकटक वा युट्युबमा लग-इन गर्छ र सामग्रीहरू सिर्जना गर्छ, पोस्टहरू लेख्छ, तस्बिर वा भिडियो अपलोड गर्छ अथवा अन्य प्रयोगकर्ताका सामग्रीमा लाइक, कमेन्ट र सेयर गर्छ, उसले अनजानमै बहुराष्ट्रिय टेक कम्पनीहरूका लागि आधारभूत कच्चा पदार्थ उत्पादन गरिरहेको हुन्छ।

यस प्रक्रियामा सबैभन्दा ठूलो अर्थ-राजनीतिक छल के छ भने, प्रयोगकर्ताले आफूलाई 'उपभोक्ता' वा 'मनोरञ्जनकर्ता' ठानिरहेको हुन्छ। तर, वस्तुगत रूपमा ऊ बिनाज्याला काम गरिरहेको एउटा अदृश्य श्रमिक बनिसकेको हुन्छ। परम्परागत पुँजीवादमा पुँजीपतिले मजदुरलाई न्यूनतम भए पनि ज्याला दिनैपर्ने बाध्यता हुन्थ्यो, जसले श्रमिकको जैविक अस्तित्व कायम राख्थ्यो। तर, मेटा, अल्फाबेट वा बाइटडान्सजस्ता डिजिटल एकाधिकारवादी कम्पनीहरूले विश्वभरका अर्बौँ प्रयोगकर्ताहरूको खाली समय र बौद्धिक ऊर्जालाई सित्तैमा दोहन गरिरहेका छन्।

प्रयोगकर्ताहरूको यही निःशुल्क श्रमबाट उत्पादित 'डाटा' र 'कन्टेन्ट' लाई प्रशोधन गरेर कर्पोरेट विज्ञापनदाताहरूलाई अर्बौँ डलरमा बेचिन्छ। यसरी श्रमिकलाई एक रुपैयाँ पनि ज्याला नदिइकन उसको विश्राम र मनोरञ्जनको सम्पूर्ण समयलाई 'अतिरिक्त श्रम समय' मा रूपान्तरण गरिदिनु डिजिटल युगको पहिलो र सर्वाधिक क्रूर शोषण प्रणाली हो।

**३. डाटा र निगरानी**

डिजिटल अर्थतन्त्रमा 'डाटा नै नयाँ कच्चा तेल हो' भन्ने भाष्य निकै लोकप्रिय छ। मार्क्सवादी दृष्टिकोणबाट हेर्दा यो प्रक्रिया प्राकृतिक वा सामाजिक वस्तुहरूलाई बजारमा बिक्री हुने वस्तुमा बदल्ने अर्थात् 'कमोडिफिकेसन' को उच्चतम रूप हो। हार्वर्ड विश्वविद्यालयकी प्राध्यापक शोशाना जुबोफले यसलाई 'निगरानी पुँजीवाद' का रूपमा सैद्धान्तीकरण गर्नुभएको छ। निगरानी पुँजीवादमा पुँजीको सञ्चय केवल वस्तु उत्पादनबाट होइन, बरु सम्पूर्ण मानव अनुभवलाई कच्चा पदार्थका रूपमा सङ्कलन र प्रशोधन गरेर गरिन्छ।

प्रयोगकर्ताका व्यक्तिगत रुचि, दैनिक बानीव्यहोरा, मनोवैज्ञानिक कमजोरी, भौगोलिक अवस्थिति, राजनीतिक रुझान र व्यक्तिगत संवादहरूलाई अत्याधुनिक एल्गोरिदममार्फत निरन्तर निगरानी गरिन्छ। यसरी सङ्कलित मानवीय व्यवहारलाई 'व्यवहारजन्य डाटा' मा परिणत गरिन्छ र त्यसको सूक्ष्म विश्लेषणबाट प्रयोगकर्ताले भविष्यमा के सोच्छ, के किन्छ वा कस्तो निर्णय गर्छ भन्ने पूर्वानुमान गर्ने 'भविष्यवाणी उत्पादन' तयार पारिन्छ। यी उत्पादनहरू कर्पोरेट कम्पनीहरूलाई उच्च मूल्यमा लिलामी गरिन्छ।

यसरी पुँजीले मानव मस्तिष्क र भावनालाई नै नाफा आर्जन गर्ने वस्तुमा ढालेको छ। यहाँ मानिस (श्रमिक) साधन मात्र रहेन, ऊ आफैँ उत्पादन र शोषित दुवैमा रूपान्तरित भएको छ, जहाँ उसको निजी जीवनको प्रत्येक क्षणबाट पुँजीपतिले अतिरिक्त मूल्य निचोर्ने संयन्त्र निर्माण गरिएको छ।

**४. गिग र एल्गोरिदम**

सहरी जीवनमा पछिल्ला वर्षहरूमा तीव्रगतिमा फैलिएको 'गिग इकोनोमी' वा प्लेटफर्म श्रमले मार्क्सवादी अतिरिक्त मूल्यको शोषणलाई अर्को व्यवहारिक तहमा उजागर गर्दछ। उबर, पठाओ, इनड्राइभ, अमेजन वा फुडमान्डुजस्ता राइड-सेयरिङ र डेलिभरी प्लेटफर्महरूले श्रम सम्बन्धको परम्परागत परिभाषालाई नै उल्ट्याइदिएका छन्। यी कम्पनीहरूले आफ्ना चालक वा डेलिभरी कामदारहरूलाई 'श्रमिक' नभनी 'स्वतन्त्र साझेदार' वा 'उद्यमी' को आकर्षक तर भ्रमपूर्ण संज्ञा दिन्छन्। यस कानुनी प्रपञ्चका कारण कम्पनीहरू न्यूनतम ज्याला, दुर्घटना बीमा, स्वास्थ्य सुविधा, निश्चित कार्यघण्टा र सामाजिक सुरक्षाजस्ता श्रमिकका आधारभूत अधिकारहरू प्रदान गर्ने दायित्वबाट पूर्ण रूपमा उम्कन सफल भएका छन्।

अर्थ-राजनीतिक दृष्टिले यहाँ स्थिर पुँजीको भार पुँजीपतिबाट श्रमिकको काँधमा सारिएको छ। सवारीसाधन, स्मार्टफोन, इन्टरनेट डाटा, इन्धन, मर्मतसम्भार र सडक दुर्घटनाको सम्पूर्ण भौतिक जोखिम स्वयं श्रमिकले बेहोर्नुपर्छ, जबकि कम्पनीले केवल एउटा सफ्टवेयर वा एप्लिकेसन उपलब्ध गराउँछ। श्रमिकको काम, आम्दानी, ग्राहक सङ्ख्या र मार्ग निर्धारण कुनै मानवीय व्यवस्थापकले होइन, एउटा निर्दयी र अपारदर्शी एल्गोरिदमले गर्छ। प्रत्येक सफल यात्रा वा डेलिभरीबाट कम्पनीले १५ देखि ३० प्रतिशतसम्म सिधै प्लेटफर्म कमिसनका रूपमा अतिरिक्त मूल्य काट्छ। यस व्यवस्थामा कामदारले दिनको १२ देखि १६ घण्टासम्म सडकमा जोखिमपूर्ण श्रम गर्दा पनि उसको वास्तविक कमाइ जीवन निर्वाहको तहभन्दा माथि उठ्न सक्दैन, किनकि उसको श्रमबाट सिर्जित अतिरिक्त मूल्यको ठूलो हिस्सा क्यालिफोर्निया वा अन्य वित्तीय केन्द्रमा रहेका लगानीकर्ताहरूको खातामा जम्मा भइरहेको हुन्छ।

**५. जीवनको पूर्ण अधीनता**

कार्ल मार्क्सले आफ्नो आर्थिक पाण्डुलिपिहरूमा पुँजीद्वारा श्रमको 'औपचारिक अधीनता' बाट 'वास्तविक अधीनता' तर्फको रूपान्तरणबारे गहन चर्चा गर्नुभएको थियो। औद्योगिक पुँजीवादले श्रमिकलाई कारखानामा छउञ्जेल मात्र नियन्त्रण गर्थ्यो तर डिजिटल पुँजीवादले श्रमिकको सम्पूर्ण व्यक्तिगत र पारिवारिक जीवनलाई नै कामको मातहत ल्याइदिएको छ। स्मार्टफोन, ल्यापटप, इमेल, स्ल्याक र ह्वाट्सएपजस्ता प्रविधिहरूले कार्यस्थल र घर तथा कामको समय र विश्रामको समयबिचको ऐतिहासिक लक्ष्मणरेखालाई मेटिदिएका छन्।

यसले गर्दा आठ घण्टाको श्रम दिवसको ऐतिहासिक उपलब्धि वस्तुतः समाप्त भएको छ। सफ्टवेयर इन्जिनियर, ग्राफिक डिजाइनर, वित्तीय विश्लेषक, पत्रकार तथा प्राज्ञिक क्षेत्रका श्रमिकहरू कार्यालय समय सकिएपछि पनि निरन्तर कामसँग जोडिन बाध्य छन्। 'घरबाटै काम गर्ने' व्यवस्थाले पुँजीपतिको कार्यालय सञ्चालन, बिजुली, पानी र भौतिक पूर्वाधारको ठूलो खर्च कटौती गरिदिएको छ, जसको आर्थिक भार श्रमिककै घरायसी बजेटमा सरेको छ।

श्रमिकले आफ्नो ओछ्यान, भोजनको समय र पारिवारिक क्षणहरूलाई समेत बिनाकुनै अतिरिक्त पारिश्रमिक कम्पनीको काममा लगाउनुपरेको छ। यसरी पुँजीले मानव जीवनको सम्पूर्ण २४ घण्टालाई नै सम्भावित श्रम समयमा रूपान्तरण गरी अतिरिक्त मूल्यको निरन्तर दोहन गरिरहेको छ।

**६. गहिरिँदो डिजिटल अलगाव**

मार्क्सले सन् १८४४ को पाण्डुलिपिमा प्रतिपादन गर्नुभएको 'अलगावको सिद्धान्त' डिजिटल पुँजीवादको युगमा झन् भयावह र जटिल रूपमा प्रकट भएको छ। पहिलो, श्रमिक आफ्नो उत्पादनबाट अलग भएको छ। सूचना प्रविधिको क्षेत्रमा काम गर्ने प्रोग्रामरले कुनै विशाल सफ्टवेयरको एउटा सानो कोड लेख्छ, तर उसलाई त्यो उत्पादनको समग्र स्वामित्व, नाफा र सामाजिक प्रभावबारे कुनै जानकारी वा अधिकार हुँदैन।

दोस्रो, श्रम प्रक्रियाबाट अलगाव भएको छ। डिजिटल श्रमिकलाई कुनै मानवीय भावनाले होइन, अमानवीय डाटा, रेटिङ प्रणाली र स्वचालित एल्गोरिदमले मूल्याङ्कन र दण्डित गर्दछ जसले गर्दा श्रमको सिर्जनात्मक आनन्द समाप्त भई त्यो केवल यान्त्रिक तनावमा सीमित हुन्छ।

तेस्रो, मानव आफ्नो वास्तविक स्वभाव वा प्रजातीय अस्तित्वबाट अलग भएको छ। सामाजिक सञ्जालको अत्यधिक प्रयोग र डिजिटल स्क्रिनको कृत्रिम संसारले मानिसको वास्तविक मानवीय संवेदना, सिर्जनशीलता र प्रकृतिसँगको सम्बन्धलाई खोसेर डोपामाइनको क्षणिक लतमा फसाइदिएको छ।

चौथो र सबैभन्दा खतरनाक पक्ष, मानिस अन्य मानवहरूबाट अलग भएको छ। भौतिक रूपमा सँगै काम नगर्ने र आ-आफ्नो कोठामा बसेर अनलाइन काम गर्ने संस्कृतिका कारण श्रमिकहरूबिचको आपसी संवाद, सामूहिक एकता, वर्गचेतना र सङ्गठित प्रतिरोधको क्षमता तीव्र रूपमा कमजोर भएको छ। डिजिटल पुँजीवादले श्रमिकलाई एउटा एक्लो, असङ्गठित र असहाय उपभोक्तामा परिणत गरिदिएको छ, जसले गर्दा पुँजीपतिविरुद्धको सङ्गठित वर्गसङ्घर्षलाई अगाडि बढाउन थप जटिलता उत्पन्न भएको छ।

**७. उपसंहार**

डिजिटल प्रविधि आफैँमा मानव जातिको ज्ञान र सिर्जनशीलताको ऐतिहासिक उपलब्धि हो। तर, जब यो प्रविधि पुँजीवादी उत्पादन सम्बन्ध र व्यक्तिगत नाफाखोरीको नियन्त्रणमा रहन्छ, तब यसले मानवीय मुक्तिको सट्टा शोषणको नयाँ र परिष्कृत औजारको रूप लिन्छ। समकालीन डिजिटल पुँजीवादले अतिरिक्त मूल्यको सिद्धान्तलाई गलत साबित गरेको छैन, बरु यसलाई अझ व्यापक, सूक्ष्म र विश्वव्यापी बनाएर पुष्टि गरेको छ। आजको शोषण केवल औद्योगिक मजदुरको शारीरिक श्रममा सीमित छैन; यो सम्पूर्ण समाजको डाटा, ध्यान, समय र मानसिक ऊर्जाको दोहनमा विस्तारित भएको छ।

मुट्ठीभर बहुराष्ट्रिय प्रविधि कम्पनीहरूले विश्वभरका नागरिकहरूको श्रम र डाटामाथि एकाधिकार जमाएर सिर्जना गरेको यो डिजिटल असमानता पुँजीवादको पछिल्लो सङ्कटको प्रमाण हो। यस शोषणकारी चक्रबाट मुक्त हुनका लागि प्रविधिलाई अस्वीकार गर्ने होइन, बरु प्रविधिमाथिको कर्पोरेट स्वामित्व र पुँजीवादी उत्पादन सम्बन्धलाई चुनौती दिनु आवश्यक छ।

डिजिटल प्लेटफर्म, डाटा र कृत्रिम बौद्धिकताजस्ता आधुनिक उत्पादनका साधनहरूलाई निजी नाफाको बन्दीबाट मुक्त गरी तिनको सामाजिकीकरण गर्नु, डाटा सार्वभौमिकता स्थापित गर्नु र डिजिटल श्रमिकहरूको विश्वव्यापी अधिकार सुनिश्चित गर्नु नै एक्काइसौँ शताब्दीको मार्क्सवादी अर्थ-राजनीतिको मुख्य कार्यभार हो।

*- लोकपाटीबाट*

# अन्नबालीमा वन्यजन्तुको आतङ्क, टिमुरमा किसानको भरोसा

- रामचन्द्र रायमाझी

पाल्पा, ९ भदौ। यहाँका किसान टिमुरखेतीमा आकर्षित भएका छन्।

खेतबारीमा लगाएको मकै, कोदोलगायतका अन्नबाली बाँदर र बदेलले सखाप पार्न थालेपछि पाल्पाका किसानले विकल्पका रूपमा टिमुरखेती गर्न थालेका हुन्। टिमुरखेती गर्दा क्षति पनि नपुग्ने र आम्दानी पनि हुने भएपछि यस्तो विकल्पमा आफूहरू लागेको तिनाउ गाउँपालिका, कचलका मीनबहादुर सारुले बताउनुभयो।

यहाँका धेरैजसो किसानले बारीभरि टिमुर बताउनुभयो। "यहाँ सबैजसो बारी र बाँझो जमिनमा टिमुर छ, वनसँग जोडिएका ठाउँमा अरू बाली लगाएर जोगाउनै सकिँदैन, त्यसको विकल्प टिमुरखेती बनेको छ", सारुले भन्नुभयो। टिमुरबाट आम्दानीसमेत राम्रो हुँदै आएको उहाँको भनाइ छ।

रिब्दीकोट गाउँपालिका-ढुस्टुङका तारा बगालेले पनि व्यावसायिक रूपमा टिमुरखेती गर्नुभएको छ। टिमुरखेतीमा वन्यजन्तुले खासै क्षति नपुऱ्याउने, धेरै मेहनत नपर्ने र उत्पादनपछि बजार पाउन सहज हुने भएकाले अन्नबालीको विकल्पका टिमुरखेती रोजेको उहाँको भनाइ छ।

पहिले मकैखेती लगाउँदै आउनुभएका उहाँले अहिले बारीमा ५० बोट टिमुरका बिरुवा लगाउनुभएको छ। दिनहुँजसो वन्यजन्तु आउने ठाउँमा अन्नबाली लगाएर भित्र्याउने समयसम्म केही नरहने भएपछि टिमुरखेती गर्न थालेको उहाँ बताउनुहुन्छ।

बगाले भन्नुहुन्छ, "हरेक वर्ष बारीमा मकै लगायो बाँदर र बँदेलले खाएर सखाप पारिदिन्छन्। मेहनत गरेर लगाएको बाली स्याहार्ने बेलामा आएर वन्यजन्तुले खाइदिएपछि विकल्पको रूपमा टिमुर लगाइदिएको हुँ।" टिमुरबाट राम्रो आम्दानीसमेत हुने उहाँको भनाइ छ।

निस्दी गाउँपालिका-ज्यामिरेका कर्णबहादुर सोतीले पनि डिभिजन वन कार्यालयबाट गत वर्ष २० वटा बिरुवा लिएर अहिले खेती थाल्नुभएको छ। लगाएको अन्नबाली वन्यजन्तुले खाइदिएर हैरान बनाएपछि अहिले टिमुरखेती गर्न लागेको उहाँ बताउनुहुन्छ।

रैनादेवी छहराका ध्रुवबहादुर रानाले पहिला-पहिला बारीका कान्लामा टिमुर लगाउँदा सबै हाँस्थे। जब टिमुर आम्दानीको बलियो माध्यम बन्यो तब बारी ढाकने गरी सबैले टिमुर लगाउन थालेको उहाँ बताउनुहुन्छ।

राना भन्नुहुन्छ, "वन्यजन्तुको आतङ्कले अन्नबाली लगाउन सकेनौँ, अहिले हामीले टिमुरखेती गरेका छौँ। बारीको छेउ, ढिक, खोरिया तथा वनमा लगाइएको टिमुरखेतीले जिल्लाका दुई हजार बढी किसानलाई फाइदा पुगेको छ। असारको अन्तिम सातादेखि असोज-कात्तिक महिनासम्म टिमुर बिक्री गरेर यहाँका किसानले वार्षिक एक लाखदेखि तीन लाखसम्म आम्दानी गर्ने गरेका छन्।

डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकारी खिलबहादुर तामाङले पाल्पाका किसान टिमुरखेतीप्रतिको आकर्षित भइरहेको बताउनुभयो। पाल्पाको भौगोलिक बनोट र हावापानी टिमुर खेतीका लागि अत्यन्तै उपयोगी रहेको छ। नेपाल सरकारले टिमुरलाई जडीबुटी प्रजातिमध्ये एक प्रमुख बाली मानेको छ।

टिमुरसहित १२ जडीबुटी प्रजातिलाई खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखिएपछि किसानको आकर्षण बढेको तामाङ बताउनुहुन्छ। डिभिजन वन कार्यालयले विगत तीन वर्षदेखि टिमुरलाई व्यावसायिक खेतीका रूपमा विकास गर्न पहल गरिरहेको छ।

वन कार्यालयले टिमुरखेती गर्न चाहने किसानलाई बिरुवा उपलब्ध गराउँदै आएको छ। स्थानीयस्तरमै पर्याप्त बिरुवा उत्पादन गर्न नसकिएपछि पश्चिम नेपालका अन्य जिल्लाबाट बिरुवा ल्याएर किसानलाई वितरण गर्ने गरिएको कार्यालयले जनाएको छ।

कार्यालयले पहिलो वर्ष १० हजार बिरुवा वितरण गरेको थियो। त्यसपछिको आर्थिक वर्षमा किसानको मागअनुसार २० हजार बिरुवा वितरण गर्दै आएको छ। पछिल्लो समय किसानको मागअनुसार बिरुवा उपलब्ध गराउनसमेत कठिन हुन थालेको सूचना अधिकारी तामाङ बताउनुहुन्छ।

डिभिजन वन कार्यालय पाल्पाका प्रमुख मोहन श्रेष्ठका अनुसार पाल्पाको अधिकांश भू-भागमा टिमुर खेतीको सम्भावना छ। अग्लो तथा ओसिलो स्थानमा समेत खेती गर्न सकिने भएकाले जिल्लाका विभिन्न क्षेत्रमा यसको विस्तार गर्न सकिने उहाँ बताउनुहुन्छ।

**प्रमाणपत्र हराएको सूचना**

मिति २०८३/०३/०१ का दिन भक्तपुरस्थित गट्ठाघरदेखि राधेराधेसम्म जाने क्रममा मेरो नाममा रहेको वीर माधो सिंह भण्डारी उत्तराखण्ड प्रौद्योगिकी विश्वविद्यालय, देहरादुनबाट जारी Master of Pharmacy Registration No. 23908005040008 र Symbol No. 210370805004 भएको Master of Pharmacy को प्रमाणपत्र हराएकोले हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा (भवानी त्रिपाठी) ९८१८६०३७७ मा सम्पर्क गर्नुहोला।

नाम : भवानी त्रिपाठी

**महिला उद्यमी बचत तथा ऋण सहकारी संस्था लि.**

ग:पली-४, बाराहीस्थान, सम्पर्क नं.: ९८१०२९८४४९/९७४१९८०७८५४

**१७ औं वार्षिक साधारणसभा तथा विशेष अधिवेशनसम्बन्धी सूचना**

यस महिला उद्यमी बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं वार्षिक साधारणसभा २०८३ असोज १० गते शनिबारका दिन हुने जानकारी गराउँदै सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं। यस वर्ष अधिवेशन निर्वाचन हुने भएको हुँदा निर्वाचनसम्बन्धी कार्यक्रम संस्थाले गठन गरेको निर्वाचन समितिले संस्थाको सूचना पाटीमा टाँस गरिएको व्यहोरा पनि इच्छुक शेयर सदस्यहरूमा जानकारी गराइएको छ। साथै पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित भइदिनुहुन अनुरोध गर्दछौं।

आ.व. २०८३/०८४ सालको लेखापरीक्षण गर्न दर्ता भएका इच्छुक अडिट फर्महरूबाट बोलपत्र आह्वान गरिन्छ। बोलपत्र प्रस्ताव दर्ता गर्ने अन्तिम मिति २०८३ असोज ५ गते साँझसम्म हुनेछ।

**साधारणसभाको औपचारिक कार्यक्रम**

मिति : २०८३ असोज १० गते, शनिबार
समय : बिहान ११:३० बजेदेखि दिउँसो २ बजेसम्म
स्थान : सचिवालय भवन, भक्तपुर

# भक्तपुर काण्डजस्ता घटनाको सूक्ष्म विश्लेषण गर्नुपर्नेमा जोड

भक्तपुर, ९ भदौ । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगरपालिका वडा नं. १ वडा समितिको आयोजनामा भक्तपुर काण्डबारे प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले इतिहासका यस्ता घटनालाई पुन:स्मरण गराउन तथा नयाँ पुस्तालाई जानकारी दिन यस्ता कार्यक्रमको आयोजना गरिँदै आएको बताउनुभयो ।

उहाँले भक्तपुर काण्डजस्ता घटनाको सूक्ष्म विश्लेषण गर्नुपर्नेमा जोड दिँदै घटनाबारे सही ढङ्गले नबुझिए भविष्यमा ठुलो सङ्कटमा पर्न सकिने बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीले प्रौढ कक्षा सञ्चालन गरी महिलालाई राजनीतिक रूपमा सङ्गठित पारेकै कारण भक्तपुर काण्डको समयमा महिलाहरूले सशक्त भूमिका खेल्न सकेको बताउनुभयो ।

जनताको सेवा नै मुख्य उद्देश्य भएकाले नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिहरूले जनताको सेवामा काम गरिरहेको उहाँको भनाइ थियो ।

त्यस समयमा जेलमै बसेर पार्टी कार्यकर्ताहरूले उच्च शिक्षा अध्ययन पूरा गर्नु पनि राम्रो पक्ष भएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुरमा भएका कामलाई सबैले राम्रो मानेर अनुकरण गरिरहेको तथा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित




कलेजहरूमा अध्ययन गर्न धेरै प्रतिस्पर्धा रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर काण्डको भर्त्सना कार्यक्रम गर्नुको उद्देश्यबारे प्रस्ट पार्दै पार्टीलाई नष्ट गर्न खोज्नुको कारणबारे नयाँ पुस्तालाई बुझाउनुपर्ने बताउनुभयो ।

उहाँले घटना पुरानो भयो भनेर बिर्सँदै जाने होइन, यस्ता घटना दोहोरिन नदिन सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर वडा नं. १ का पार्टी इन्चार्ज कृष्णबहादुर दुगुजुले भक्तपुर काण्ड गराएर नेमकिपालाई समाप्त गर्ने प्रयास गरिएको बताउनुभयो । उहाँले पार्टीले पञ्चायतकालदेखि नै प्रतिक्रियावादी सङ्घसंस्थाभित्र प्रवेश गरी जनताको सेवा गर्ने नीति लिएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका सुशीला कर्माचार्यले महिलाहरू राजनीतिक रूपमा सचेत र सङ्गठित हुनुको फाइदाबारे चर्चा गर्नुभयो । उहाँले पार्टी अध्यक्ष रोहितकी जीवनसङ्गिनी शोभा बिजुक्छेँले भक्तपुर काण्डको समयमा अपनाएको संयमता र उहाँको व्यवहारिक पक्ष निकै प्रशंसनीय रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति बिकुलक्ष्मी कोजुले पनि कार्यक्रममा बोल्नुभएको थियो ।


## बाढी र डुबान हुनुपूर्वको तयारी

- ❖ नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- ❖ घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- ❖ आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- ❖ गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- ❖ बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- ❖ बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- ❖ प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप-९७

१५:१८
**शिक्षा मन्त्रालय तथा गृह पार्किङ**
CCTVM Sikshya Parking, Griha Parking

आन्दोलनकारीहरूको समूहले आगजनी तथा तोडफोड सुरु गरेको देखिन्छ ।

Bhadrakali PTZ भद्रकालीबाट १३:०२ मिनेटमा आन्दोलनकारीहरू सिंहदरबारको पश्चिम गेटतर्फ बढिरहेको तथा नेपाल प्रहरीको वाटर क्यानन तथा सुरक्षाकर्मीसमेत आफ्नो फर्मेसनमा ड्युटि लिइरहेको देखिन्छ ।

सिंहदरबार पश्चिम गेट PTZ पहिलो पल्ट १३:०५ मिनेटमा गेट अगाडि पुगेपश्चात् नेपाल प्रहरीको वाटर क्यानन गएको तथा आन्दोलनकारीहरूमध्ये आधा जति आन्दोलनकारी प्रदर्शनी मार्गतर्फ मोडिई उपत्यका ट्राफिक प्रहरी अगाडिसम्म राखिएका डिभाइडरहरू तोडफोड गर्न सुरु गरेको देखिन्छ ।

सिंहदरबार पश्चिम गेट PTZ १३:१२ प्रदर्शनी मार्गतिरबाट ठुलो सङ्ख्यामा भिड हातमा लट्ठी, फलाम, बाँसहरू लिई सिंहदरबार पश्चिम गेटमा जम्मा भए प्रहरीको ब्यारेक गेटसमेत तोडफोड गरी मुख्य बाटोमा टायरमा आगजनी गरेको देखिन्छ ।

सिंहदरबार पश्चिम गेट PTZ १३:२६ मिनेटमा सुरक्षाकर्मीहरू मेन गेटबाट सानो गेटतर्फ सरेको साथै आन्दोलनकारी पश्चिम गेटमा चढिसकेको तथा १३:३० मिनेटमा सुरक्षाकर्मीहरू पश्चिम गेटबाट सानो गेटमा सरेपश्चात् आन्दोलनकारीहरू पश्चिम गेटभित्र नै छिरिसकेको तथा बाहिरको ड्युटि सम्पूर्ण पश्चिम गेटभित्र छिरेको देखिन्छ ।

Inside of VIP Gate १३:४० बजे पहिलोपल्ट आन्दोलनकारी सिंहदरबार पश्चिम गेटभित्र छिरिसकेको देखिन्छ भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ मा आन्दोलनकारीको भिड सिंहदरबारको पश्चिम गेट अगाडितिर भाग्दै गरेको देखिन्छ ।

अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ बजे आन्दोलनकारीहरू पश्चिम गेटमा चढ्न सुरु गरेको देखिन्छ ।

Old Home Affair Turning १५:०३ बजे पहिलोपल्ट आन्दोलनकारीहरू प्रधानमन्त्री परिसर अगाडि पुगेको देखिन्छ भने १५:१५ बजे ठुलो आगो दन्किन सुरु गरेको देखिन्छ तथा अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजअनुसार १५:१३ बजे सिंहदरबार परिसरमा ठुलो मात्रामा धुवाँ उडेको देखिन्छ ।

Singha Durbar Dakshin Gate १४:५५ आन्दोलनकारीहरू दक्षिण गेटमा तोडफोड तथा आगजनी सुरु गरेको देखिन्छ ।

Main Parking १५:०९ मा आन्दोलनकारीहरूले पार्किङमा रहेको मोटरसाइकल तथा गाडीमा तोडफोड तथा आगजनी गरको देखिन्छ ।

PM Parking १५:०७ मा आन्दोलनकारीहरूले पार्किङमा रहेका गाडीहरू आगजनी तथा तोडफोड गरेको देखिन्छ ।

Sikshya Parking / Griha Parking १५:१८ मा आन्दोलनकारीहरूको समूहले आगजनी तथा तोडफोड सुरु गरेको देखिन्छ ।

**घटनाको विश्लेषण**

२०८२ भदौ २३ गते काठमाडौँमा भ्रष्टाचारविरुद्ध युवा-विद्यार्थीहरूको आन्दोलन माइतीघर मण्डलाबाट सुरु भई नयाँ बानेश्वर चोक हुँदै संसद् भवनसम्म फैलिएको थियो । विभिन्न सीसीटीभी फुटेज, युट्युब च्यानलहरू र अनलाइन मिडियाका आधारमा यो घटनाको क्रमिक विवरण यस प्रकार छन् :

**प्रदर्शनको सुरुआत: माइतीघरमा भेला**

बिहान ८:२३ बाटै विद्यार्थीहरू माइतीघर आसपास प्लेकार्डसहित भेला हुन थालेका थिए । बिहान ९:१४ सम्म थोरै सङ्ख्यामा विद्यार्थी पोसाकमा रहेका प्रदर्शनकारीहरू राष्ट्रिय झन्डासहित माइतीघर मण्डला क्षेत्रमा जम्मा भएका देखिन्छन् ।

बिहान १०:०० बजेसम्म माइतीघर क्षेत्रमा प्रदर्शनकारीको भिड बढ्दै गयो । १०:२५ बजेसम्म मण्डलाको दक्षिण सडक लेनमा प्रदर्शनकारीहरू थिए भने अन्य लेनमा सवारी साधनहरू सामान्य रूपमा चलिरहेका थिए । १०:२७ बजेबाट केही प्रदर्शनकारी बिजुली बजारतर्फ लागेका देखिन्छन् । ईओएन युट्युब च्यानलका अनुसार १०:५२ बजे नेपाल टेलिकम कार्यालय नजिकको पोलमा रहेको तत्कालीन प्रधानमन्त्री केपी ओलीको तस्बिर देखेर प्रदर्शनकारीहरू आक्रोशित भई च्यातेका थिए । जुन बिजुली बजार पीटीजेड सीसीटीभीमा १०:५२ बजे कैद भएको छ ।

**खुला...**

आ-आफ्नो देश र संसारलाई एउटा निश्चित आदर्श समाज बनाउने विचारबाट शिक्षित र दीक्षित भएका कार्यकर्ता र नेताहरू नभएकै कारण हाम्रो देशमा कुनै पनि सरकार ५ वर्ष टिकेनन् । राजनैतिक दलहरू आफै देश, जनता र विश्वप्रति समर्पित छैनन् भने दलहरूको सरकार कसरी चल्छ ? यसकारण, दल र नेताहरू बदनाम छन् । प्रदेश सरकार, मन्त्री, सांसद र स्थानीय तहहरूका मेयर, वडाध्यक्ष, निर्वाचित सदस्यहरू नै ठेकेदार र अरु देशद्रोहीहरूसँग सङ्गत भएकाहरू भएपछि देश कसरी चल्छ ? नेपाली जनतालाई यो भड्खालोमा राणा सरकारहरूले नेपाली युवाहरूलाई विदेशी सेना बनाउँदादेखि नै नेपाली जनताको मन मस्तिष्कमा विदेशको सेवा र काम गर्ने मानसिकता बन्यो । यसकारण, जनता, जनप्रतिनिधि, सांसद र मन्त्रीहरूसमेत आ-आफ्नो ठाउँ र धर्ममा छैनन् ।

सम्भवत: यस्तै सेरोफेरोलाई थाहा पाएर सम्पादकीयसमेत लेख्यो-‘सांसदका हुल्लडबाजी’ (अन्नपूर्ण ७ भदौ २०८३) ।

७ भदौ २०८३ कै ‘नेपाल समाचार’ ले लेख्यो-‘बेलगाम बन्दै रास्वपाका सांसद’, ‘घण्टी’ को आवाजभन्दा विवादास्पद अभिव्यक्ति चर्को ।’ निर्वाचनको अभिव्यक्तिसँग सरकार र दलका नेता र कार्यकर्ताहरूको भाषा, काम र कारबाहीमा बेमेल भएपछि आलोचना र विरोध जनताको मौलिक अधिकारभित्रकै विषय हो ।

आखिर रास्वपाका सभापतिले सिंहदरबारको संसदीय बैठकमा भन्नैपऱ्यो- ‘मन्त्री र सांसदलाई रास्वपा सभापतिको निर्देशन’, ‘अमर्यादित गतिविधि गरेर रमिता नदेखाउनू ।’ ( कान्तिपुर ४ भदौ २०८३)


## हार्दिक समवेदना



जन्म : २०१६/०८/०२
निधन: २०८३/०४/२९

यस संस्थाका सदस्यता नं १९७ का सदस्य **काहिंली राजचल**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजन तथा आफन्तजनहरूमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक-८, भक्तपुर



## हित बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

**प्रकाशित मिति: २०८३/०५/१० गते**

यस संस्थाको लागि देहायबमोजिमका कर्मचारी आवश्यक भएको हुँदा इच्छुक दक्ष तथा अनुभवी योग्य उम्मेदवारहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १० दिनभित्र आफ्नो बायोडाटासहित हस्तलिखित निवेदनमा दर्खास्तको लागि आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक सङ्ख्या | शैक्षिक योग्यता | वान्छनीय योग्यता | अनुभव | आवेदन शुल्क |
|---|---|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | १ | SLC वा SEE उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएको | अनुभवीलाई विशेष ग्राह्यता | १००।- |
| २. | प्रबन्धक | १ | वाणिज्य वा अर्थशास्त्रमा स्नातक उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएको | वित्तीय क्षेत्र वा कानुनी तथा प्रशासनसम्बन्धी ज्ञान भएको साथै अनुभवीलाई विशेष ग्राह्यता । | ५००।- |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**
हस्तलिखित निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान, पासपोर्ट साइजको फोटो एक थान, शैक्षिक तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।
**नोट:** चालक अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता ।
**छनौट प्रक्रिया:** लिखित तथा अन्तर्वार्ता
**सम्पर्क नम्बर र मिति:** ०१-६६१९१५८, अन्तिम मितिको भोलिपल्ट ।



## हार्दिक समवेदना



जन्म
२०१६/०८/०२

निधन
२०८३/०४/२९

**काहिंली राजचल**

हाम्रा आत्मीय मित्र तीर्थ राजचलकी ममतामयी माता **काहिंली राजचल**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

श्रीमान्/श्रीमती जुजुकाजी ज्याख्व
श्रीमान्/श्रीमती रवि राजभण्डारी
श्रीमान्/श्रीमती रामभक्त कोजु
श्रीमान्/श्रीमती आशा सुवाल
श्रीमान्/श्रीमती सुकुराम मगजु
श्रीमान्/श्रीमती रवीन्द्र प्रजापति
श्रीमान्/श्रीमती राजु ग्वाछा
श्रीमान्/श्रीमती नवीन प्रजापति
श्रीमान्/श्रीमती तुल्सीराम सुवाल
श्रीमान्/श्रीमती लक्ष्मण अवाल

**दोलखा ग्रुप परिवार**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा